शेयर लगानीकर्ताको सुरक्षाका लागि... पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २० • २०८० साल जेठ २६ गते शुक्रबार (9 June, Friday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## पार्टी भित्रको कलह मिलाउन
## अध्यक्ष यादव जनकपुरमा



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) भित्र देखिएको विवाद मिलाउन पार्टीका अध्यक्ष उपेन्द्र यादव जनकपुरधाम आएका छन् ।

धनुषा जिल्लाको जिल्ला अध्यक्षलगायत पार्टी भित्रको किचलो साम्य पार्नका लागि अध्यक्ष यादव जनकपुरधाम आएका पार्टी स्रोतले जानकारी दिएको छ ।

जिल्ला अधिवेशनबाट जिल्लाको अध्यक्षमा पशुपति यादवलाई चयन गरेपछि अर्का खेमाले शत्रुधन यादवलाई अध्यक्ष रहेको घोषणा गर्दा धनुषा जिल्लामा विवाद उत्पन्न भएको थियो ।

पशुपति यस भन्दा पहिला पनि पार्टीका अध्यक्ष थिए तर, उनको नेतृत्वमा स्थानीय, प्रदेश र संघको निर्वाचनमा उत्कृष्ट नतिजा आउन नसकेपछि उनलाई हटाउनुपर्ने एक पक्षको माग छ भने अर्का पक्ष पशुपति नै रहनुपर्ने अडानमा रहेका छन् ।

त्यस्तै,मधेश प्रदेश सरकारको सत्तापक्षले नै विरोध गर्न थालेपछि सरकारमा अन्य दलहरुलाई सहभागी गराउने तथा मन्त्रालय बाँडफाँटको सम्वन्धमा पनि पार्टीका नेताहरु संग छलफल हुने जनाइएको छ ।

प्रदेश सरकारमा अहिले ४ वटा मन्त्रालयमा विना विभागीय मन्त्री छन् । उनीहरुको पनि व्यवस्थापन सम्वन्धमा छलफल हुने जनाइएको छ ।

### नीति तथा कार्यक्रम
# सत्तारुढसहित पाँच सांसदद्वारा संशोधन प्रस्ताव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि पाँच सांसदले संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

मंगलबार प्रस्तुत भएको आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रममाथि सत्तारुढसहित पाँच सांसदले संशोधन प्रस्ताव दर्ता गरएका छन् ।

सत्तारुढ नेकपा माओवादी केन्द्रकी सांसद माला कर्ण, प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसद राजकुमार लेखी, नेपाल संघीय समाजवादीकी सांसद विमला अन्सारी, राप्रपाका सांसद कञ्चन विच्छा र स्वतन्त्र सांसद प्रमोद जयसवालले संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

यी मध्ये दुई जना संशोधनकर्ता सांसदले बिहीबारको बैठकमा आफ्नो प्रस्ताव राखेका छन् ।

सत्तारुढ माओवादीका सांसद कर्ण बैठकमा अनुपस्थित थिइन भने कञ्चन विच्छा र स्वतन्त्र सांसद प्रमोद जयसवालल अर्को बैठकमा संशोधन प्रस्ताव पेश गर्ने सभामुख रामचन्द्र मण्डलले जानकारी दिए ।

एमाले सांसद लेखीले विगतकै नीति तथा कार्यक्रमलाई सरकारले कपि पेष्ट गरेको आरोप लगाए । प्रदेशमा बजेटको खर्च अवस्थाले नीति तथा कार्यक्रम कार्यान्वयनमा उनले शंका व्यक्त गरे ।

'हामी बजेट खर्च गर्न सक्दैनौं तर केन्द्रलाई गाली गर्छौं । के हामीलाई ४५ प्रतिशतभन्दा बढी खर्च नगर्न केन्द्रले निर्देशन दिएको छ, उनले जिज्ञासा राखे ।

> 'हामी बजेट खर्च गर्न सक्दैनौं तर केन्द्रलाई गाली गर्छौं । के हामीलाई ४५ प्रतिशतभन्दा बढी खर्च नगर्न केन्द्रले निर्देशन दिएको छ ।'

नीति तथा कार्यक्रम र बजेटको तालमेल नहुने गरेको चर्चा गर्दै नीति तथा कार्यक्रम एउटा दिसामा हुन्छ, बजेट अर्कोमा फेरि कार्यान्वयनसम्म पुग्दा तेस्रै बाटो लिइसकेको हुन्छ उनले धारणा राख्दै नीति तथा कार्यक्रम वितरणमुखी रहेको बताए । विद्यालयमा ल्यापटपभन्दा आवश्यक दरबन्दी रहेको उनले तथ्य प्रस्तुत गरे ।

उनले सरकार आफैले बनाएको केही कार्यालय र आयोग खारेज गर्ने कुराले संघीयता धरापमा पर्न सक्ने हुनाले सरकारको ध्यानाकर्षण गराए ।

माओवादीकी माला कर्ण संशोधन प्रस्ताव दर्ता गराएकी थिइन् । तर उनी बैठकमा अनुपस्थित थिइन् ।

नेपाल संघीय समाजवादीकी सांसद विमला अन्सारीले पनि संशोधन प्रस्ताव दर्ता गराएकी छन् । उनले नीति तथा कार्यक्रममा सरकारलाई सर्मथन गरेका दललाई उपेक्षामा राखेको बताइन् । आदिवासी, जनजाति र मुस्लिम समुदायको विकासको लागि आयोग गठन गर्न उनले माग गरिन् । सुशासन सुनिश्चित गर्ने गर्ने योजना समावेश नगरिएको उनले बताइन् । 'किसानको लागि कृषक परिचयपत्र बनाउनुपर्छ । २५ वर्ष कृषि पेशामा गरेका किसानको लागि पेन्सनको व्यवस्था गर्नुपर्छ,'उनले अगाडि भनिन्,' प्रदेशभित्रको मदरसालाई शिक्षाको मूलधारमा ल्याउनुपर्छ ।'

## माओवादीद्वारा बैठक बहिष्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको प्रदेशसभा बैठक सत्तारुढ दल नेकपा मोओवादी केन्द्रले बहिष्कार गरेको छ ।

दुई बुँदे असन्तुष्टि जनाउँदै माओवादीले विहीबारको प्रदेशसभा बैठक बहिष्कार गरेको छ । गत मंगलबार प्रदेश सभामा प्रदेश प्रमुख हरिशंकर मिश्रले आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

सोही नीति तथा कार्यक्रममाथि विहीबारदेखि छलफल राखिएको छ । तर नेकपा माओवादी केन्द्र संसदीय दलका नेता भरतप्रसाद साहले दलको बैठक बहिष्कार गर्ने निर्णय गरेको जानकारी दिए ।

प्रदेश सरकारले मनमौजी रुपमा कुनै छलफल नै नगरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको उनको आरोप छ । 'मुख्य दुई वटा कारणले हामी बैठक बहिष्कार गर्ने निर्णय गरेका छौं,'उनले भने, 'प्रदेश सरकारले कुनै छलफल नगरी एकलौटी शासन शैलीमा नीति तथा कार्यक्रम ल्याएको छ अर्को रकामान्तर र सशर्त अनुदानमा व्यापक चलखेल गरेको कारण हामीले बैठक बहिष्कार गर्ने निर्णय गरेका छौं ।' तर माओवादीबाट नै सांसद बनेका युवराज भट्टराइले यस विषयमा कुनै प्रतिक्रिया नदिने बताए ।

उनले दलको नेतालाई सोध्न भन्दै पञ्छिए । यद्यपि बिहीबारको बैठकमा माओवादीको कुनै सांसद सहभागी भएनन् । पछिल्लो समय साह सरकारको काम कारबाही बारे संसदमा पनि निकै आलोचना गर्ने गरेका छन् ।

नेकपा माओवादीलाई सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा)ले सरकारमा सम्मानजनक मन्त्रालय नदिएको कारण उनी असन्तुष्ट देखिएका छन् ।

माओवादीले दुई मन्त्रालय पाउनुपर्ने नेता साहको दाबी छ । तर एक मन्त्रालय मात्रै माओवादीले पाएका छन् । माओवादीले पाएको भागबाट शहीद रामवृक्ष यादवका छोरी सुनिता यादव उद्योग वाणिज्य तथा पर्यटन मन्त्री छन् । सरकार विस्तारको समय दुई मन्त्रालय नदिदा नेता साहले दलको बैठक बसेर सरकारबाट बाहिरिने प्रतिक्रिया दिएका थिए । यद्यपि माओवादीबाट मन्त्री बनेकी सुनिता र राज्य मन्त्री रहबर अन्सारीले राजीनामा दिएका छैनन् ।







# उपकुलपति साहको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. रामकेवल साहको निधन भएको छ ।

करीब एक सातादेखि भारतको नयाँ दिल्लीमा उपचाररत डा. साहको बिहीबार बिहान उपचारको क्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

दुई महिनादेखि लिभर क्यान्सरबाट पीडित डा. साहको काठमाण्डुमा उपचार सम्भव नभएपछि भारतको नयाँ दिल्ली लगिएको थियो ।



उपकुलपति डाक्टर साह नशा तथा हाडजोर्नी रोग विशेषज्ञ रहेका थिए ।

डा. साहलाई मधेश प्रदेश सरकारले २०७७ माघ १८ गते प्रतिष्ठानको उपकुलपतिमा नियुक्त गरेको थियो । नेपाल मेडिकल कलेजमा लामो समय अध्यापन गराएका डा. साह सेवा नियुक्त भए लगत्तै प्रतिष्ठानका उपकुलपतिमा नियुक्त भएका थिए । त्यसअघि अर्थोपेडिक्स सर्जन डा.साह केही वर्ष सरकारी सेवामा संलग्न थिए ।

२०२६ सालमा जनकपुरधामस्थित सरस्वती मा. वि.बाट पढेका साह अमृत साइन्स क्याम्पसबाट आएससी अध्ययन गरेका थिए ।

उनले भारतको मेरठ मेडिकल कलेजबाट एमबिबीएस र एमएस पढेका थिए । बेलायतको लिभर पुलबाट एमसीएचमा स्वर्णपदकसमेत उनले प्राप्त गरेका थिए ।

# १८ लाखसहित चार पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवनबाट प्रहरीले स्रोत नखुलेको १८ लाख रुपैयाँसहित चार जनालाई पक्राउ गरेको छ ।

अवैध रकमको कारोबार हुँदैछ भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी र इलाका प्रहरी कार्यालय हरिवनबाट खटिएको संयुक्त टोलीले पूर्व-पश्चिम राजमार्गस्थित हरिवन नगरपालिका ११ बाट चार जनालाई स्रोत नखुलेको रकम र एउटा गाडीसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कार चालक मकवानपुरको हैटौंडा उपमहानगरपालिका ३ बासामाडीका ४० वर्षीय हेमराज विश्वकर्मा, सुनसरीको बराहक्षेत्र नगरपालिका ४ घरभइ हाल काठमाण्डु महानगरपालिका कॉंडाघारीका ३१ वर्षीय मौसम मग्राती, सर्लाहीको बागमती नगरपालिका १ का ३१ वर्षीय दीपक तामाङ र खोटाङको रावावेशी गाउँपालिका ४ का ४४ वर्षीय विमल तामाङ रहेका छन् ।

उनीहरु पश्चिमबाट पूर्वतर्फ आउँदै गर्दा बागमती प्रदेश ०१ ०२६ च ०२९९ नम्बरको कारको डिकीमा झोलाभित्र राखेर हिँडेको एक हजार दरको एक सय थान नोट भएको १८ बिटोमा १८ लाख रुपियाँसहित पक्राउ परेको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक दीपेन्द्र पंजियार थारुले जानकारी दिए ।

डीएसपी थारुका अनुसार पक्राउ गरिएकाहरुलाई सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी इलाका प्रहरी कार्यालय हरिवनको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको छ ।

# वृत्तचित्र बनाउने नाममा स्थानीयतहमा बेथिति

**कमलेश मण्डल**

जलेश्वर । महोतरीका स्थानीय तहमा जनप्रतिनिधि आएपछि वृतचित्र बनाउने नाममा बेथिति बढेको छ ।

वृत्तचित्रको औचित्यदेखि स्तरसम्म ख्याल नगरी हचुवाका भरमा लाखौं रुपैयाँ खर्च भइरहेको छ ।

आफ्नो क्षेत्रभित्रको सामाजिक सांस्कृतिक भौगोलिक आर्थिक पर्यटन पूर्वाधारका प्रगतिलाई समेटेर वृत चित्र निर्माणका लागि महोतरी गाउपालिकाले शान्ति विकास निर्माण संस्थालाई ११ लाख ९३ हजार २ सय ८० रुपैयाँ जलेश्वर नगरपालिकाले संसारी मिडिया हाउस प्रा.लि लाई चार लाख उनान्सय हजार रुपैयाँ एकडारा गाउपालिकाले खबरवेभ मिडिया प्रा.लि.लाई ४ लाख ९७ हजार २ सय रुपैयाँ मटिहानी नगरपालिकाले युनियन प्रेस जनकपुरलाई ४ लाख ९७ हजार,औरही नगरपालिकाले अनुप जनकपुर मिडिया प्रोडक्सन हाउस प्रा.लि लाई ३ लाख ९९ हजार ५ सय रुपैयाँ भुक्तानी दिइएको देखिन्छ ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदका लागि तोकिएको लागत अनुमान तयार गरी अद्यावधिक गर्नुपर्ने उल्लेख छ । साथै नियमावलीको नियम १२ मा परामर्श सेवा लागत अनुमान गर्दा सम्बन्धित मन्त्रालयको नर्म्स परामर्श सेवाको कार्य क्षेत्रगत सर्त सोही प्रकृतिको खरिद गरी वास्तविक लागत लगायतलाई आधार लिइ अनुसूची १ का आधारमा तयार गर्नुपर्ने महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९ मा उल्लेख गरिएको छ ।

प्रतिवेदनमा स्थानीय तहले आफनो क्षेत्रभित्रको सामाजिक सांस्कृतिक भौगोलिक आर्थिक पर्यटन पूर्वाधारका प्रगतिलाई समेटेर वृत्तचित्र निर्माण गर्दा लागत अनुमान तथा कार्य क्षेत्रगत शर्त तयार नगरी सोझै खरिद गरिएको यो नियम विपरीत हो ।

> “ स्थानीय वासिन्दा जनप्रतिनिधि र पत्रकारको मिलेमतोमा वृत्तचित्रमा बजेट दुरुपयोग हुँदा गलत प्रवृत्ति बस्नेमा चिन्ता व्यक्त गर्छन् ।

स्थानीय तहहरुले वृत्तचित्र बनाउने भन्दै लाखौं रुपैयाँ खर्च गरेको छ । तर अहिले जनप्रतिनिधि नै बेकारमा पैसा खेर फालियो भन्दै पश्चाताप गरिरहेका छन् । यत्रो रकम खर्च गर्दा पनि वृत्तचित्रको नाममा झारा टार्ने काम भएको छ । जलेश्वर नगरपालिका मेयर सुरेश साह सोनारले मैले थाहा पाउने वितिकै विरोध त गरे, तर रकम भुक्तानी भइसकेको रहेछ,वृत्तचित्र खोजेपछि कार्यालयमा भेटेन ।

स्थानीय युवा नवीन कुमार नवलले वृत्तचित्रमा महोतरी गाउँमा भएका पोखरीलगायतका सम्पदाहरू नसमेटिएको बताउँछन् । महोतरी जिल्लाको नाम नै मदोदरी पोखरीको नामबाट नामाकरण गरिएको महोतरीमा सानो रकमको पनि ठूलो महत्व छ उनले भने तर जनप्रतिनिधिले आफ्ना गल्ती ढाकछोप गर्न वृत्तचित्रका नाममा मनलाग्दी खर्च गरेका छन् ।

महोतरी गाउँपालिकामा दुई पटक वृत्तचित्रमा ११ लाख ९३ हजार २ सय ८० रुपैयाँ खर्च भयो । तर त्यति गर्दा पनि स्थानीय पुरातात्विक तथा ऐतिहासिक स्थल समेटिएका छैनन् । महोतरीमा १५ स्थानीय तह छन् । प्राय सबैले वृत्तचित्रका नाममा रकम विनियोजन गरेका छन् ।

वृत्तचित्र निर्माणको जिम्मा भने पत्रकारले लिएका हुन्छन् । कतिपय स्थानीय तहमा त पत्रकारले नै वृत्तचित्रको शीर्षकमा बजेट छुटयाउन दबाब दिने गरेको बताइन्छ ।

पत्रकारले वृत्तचित्र बनाउनुपर्‍यो भन्दै अनुरोध गर्छन कसैले त दबाबै दिन्छन् एक गाउँपालिका अध्यक्षले भने पत्रकारलाई रिसाउन लगाउनुभन्दा त काम दिनु नै ठीक लाग्छ । वृत्तचित्रका कारण कार्यपालिका बैठकदेखि गाउँसभामै विरोध हुने गरेको उनले बताए ।

सामान्यत एउटा वृत्तचित्र बनाउन करीब ६ महिना लाग्छ । त्यसका लागि उच्चस्तरीय क्वालिटीको भिडियो क्यामेरा आवश्यक पर्छ । तर महोतरीमा कमिशनको लोभमा कर्मचारीसँग मिलेमतो गरी दुई-तीन दिनमै वृत्तचित्र तयार गरिन्छ । भिडियो क्यामेरा नहुँदा मोबाइलले खिचेरसमेत काम चलाउने गरिएको छ वृत्तचित्र निर्माणको जिम्मा लिएका एक पत्रकारले भने हामीले समय अभावका कारण सबै वडामा नपुगेरै वृत्तचित्र बनाउनुपर्‍यो ।

बर्दिवास नगरपालिकाले भने वृत्तचित्र शीर्षकमा बजेट छुटयाएको छैन । नगरप्रमुख प्रह्लाद क्षेत्रीले स्तरीय वृत्तचित्र बनाउन सबै प्रक्रिया पुर्‍याइ पर्याप्त बजेट आवश्यक पर्ने भएकोले अहिलेलाई यतातिर ध्यान नदिइएको बताए ।

बर्दिवास नेपालकै एक प्रमुख शैक्षिक व्यापारिक र पुरातात्विक स्थल हो हचुवाको भरमा वृत्तचित्र बनाएर बजेट किन खेर फाल्ने ? उनले भने त्यसैले हामीले पञ्चवर्षीय योजना बनाएर वृत्तचित्रलाई यसमै समावेश गर्ने सोच बनाएका छौं ।

तर सेवा परामर्श तथा सञ्चार शीर्षकको बजेटबाट वृत्तचित्र बनाउने निर्णय यहाँका प्रत्येक स्थानीय तहले गर्ने गरेका पाइएको छ ।

स्थानीय वासिन्दा जनप्रतिनिधि र पत्रकारको मिलेमतोमा वृत्तचित्रमा बजेट दुरुपयोग हुँदा गलत प्रवृत्ति बस्नेमा चिन्ता व्यक्त गर्छन् ।

# बिदा थप

**टुडे समाचारदाता**

मलंगवा । शिक्षा विकास तथा समन्वय इकाई सर्लाहीले विद्यालयहरुमा गर्मी बिदा जेठ ३० गतेसम्मका लागि थप गरेको छ ।

कार्यालयका प्राविधिक सहायक राजेशकुमार यादवले सूचना जारी गर्दै जिल्ला शिक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार जिल्लाभरका विद्यालयहरुमा जेठ ३० गते मंगलबारसम्म गर्मी बिदा दिइएको उल्लेख गरेका छन् । तर सर्लाहीमा शिक्षा विकास तथा समन्वय इकाईले गरेको निर्णय कुनै पनि पालिकाले मान्दैनन् । गर्मी अत्यधिक बढेको भन्दै कार्यालयले केही दिनअघिबाटै विद्यालय बन्द गर्ने निर्णय गरी फेरी दोस्रो सूचना निकालेर बिदाको निर्णय सार्वजनिक गरेको छ । यसअघि केही दिनअघिदेखि नै कार्यालयले विद्यालयहरु बिदा भने पनि धेरै पालिकाले अहिले पनि पठनपाठन संचालन गरिरहेकै छन् ।




लालबन्दी, हरिवन, ईश्वरपुरलगायतका केही पालिकाले भने आफ्नो हिसाबले सूचना निकालेर विद्यालय बन्द गराएका छन् । सर्लाहीमा ९/१० दिनदेखि असाध्य बढी गर्मी भइरहेको छ ।

दिनभर चर्को घाम लागेर तातो हावा चल्ने गरेको छ भने रातको समयमा पनि घर तथा ओछ्यान तातेर मानिस सुत्न सकिरहेका छैनन् । गर्मीले पशुंपक्षी, चराचुरुङ्गी पनि प्रभावित भएका छन् ।

# विद्यालय भवनको शिलान्यास



**आरके श्रीवास्तव**

रौतहट । गरुडा नगरपालिका वडा नम्बर ६ पोठियाहीमा रहेको प्राथमिक विद्यालयमा दुई कोठे भवनको शिलान्यास सम्पन्न भएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत परेको २२ लाख ५० हजार रुपैयाँको लागतमा निर्माण गरिने भवनको कार्यक्रमका बीच शिलान्यास गरिएको छ ।

सो नगरपालिकाका नगर प्रमुख कन्थमनी जयसवालले एक कार्यक्रमका बीच शिलान्यास गरेका छन् ।

भवन निर्माण भएपछि विद्यार्थीहरुको कक्षाकोठाको अभावमा केही समाधान हुने भएको छ ।

गरुडा नगरपालिकाले शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको मेयर जयसवालले बताए ।

भौतिक पूर्वाधार विकाससँगै शैक्षिक गुणस्तर वृद्धि गराउनसमेत गरुडा नगरपालिका अग्रपंक्तिमा रह्न लागि परेको मेयर जयसवालले बताए ।

विद्यालयको शैक्षिक भौतिक अवस्था सुधार गर्नतर्फ कम्मर कसेर लागि परेको उनले बताए ।

# अवैध सामान बरामद

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भन्सार छली गरी ल्याइएको सामानहरु बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीकाअनुसार जलेश्वर नगरपालिका-१२ नैन्हीमा भारतबाट नेपाल तर्फ अवैध रुपमा भन्सार छली गरी ल्याउँदै गरेको १३ हजार पाँच सय मूल्य बराबरको कपडाहरु बरामद गरिएको छ । प्रहरी चौकी नैन्हीबाट खटेको प्रहरी टोलीलाई देखेपछि भरियाहरु भागेको जनाइएको छ ।

त्यसैगरी, बुधबार अबेर राति मटिहानी नपा-८ दशगजामा अवैध रुपमा भन्सार छली गरी ल्याउँदै गरेको विभिन्न किसिमका किरानाका सामानहरु प्रहरीले बरामद गरेको छ ।

बरामद गरिएको सामानहरु ७२ हजार मूल्य बराबरको रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी दिलीप कुमार गिरिले जानकारी दिए ।

उनका अनुसार बरामद गरिएको सामानहरु आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालय मलिवाडामा बुझाइनेछ । केही दिन यतादेखि प्रहरीले सीमा क्षेत्रमा विशेष कडाइ गरेको सूचना अधिकारी गिरिले बताए ।

# नयाँ बसपार्कबाट सञ्चालन हुन थाले माइक्रोबस

काठमाण्डु । काठमाण्डुबाट देशका विभिन्न जिल्लामा चल्ने लामो तथा मध्यम दूरीका माईक्रोबस नयाँबसपार्क भित्रबाट सञ्चालन हुन थालेका छन् । काठमाडौं महानगरपालिकाले यही जेठ १९ गते एक सूचना जारी गरी काठमाडौं उपत्यकाबाहिर चल्ने सम्पूर्ण सवारी साधनलाई गोँगबुस्थित नयाँ बसपार्कभित्रबाट मात्र सञ्चालन गर्ने निर्णय गरेसँगै केही माईक्रोबस भने नयाँ बसपार्कभित्रबाट सञ्चालन हुन थालेका हुन् ।

यसअघि नयाँ बसपार्कबाट ठूला सार्वजनिक सवारी साधनमात्र सञ्चालन हुँदै आएका थिए । महानगरपालिकाले जारी गरेको सूचनामा जभाभावी पार्किङ गर्ने, टिकट बुकिङ गर्ने काउन्टर यथावत राख्ने, सडकमा जथाभावी यात्रु चढाउने तथा ओराल्ने गतिविधिले यातायात व्यवस्थापन प्रणालीमा अवरोध पुगेको उल्लेख गरिएको छ ।

काठमाण्डु महानगरपालिकाले आगामी असार १ गतेदेखि नयाँ बसपार्क बाहिर रहेका टिकट काउन्टर हटाउनसमेत आग्रह गरेको छ । नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउदेश्यीय प्रालिले माईक्रोबसका लागि लोत्से मल पछाडि छुट्टै टिकट काउण्टर निर्माण गरिदिएसँगै काठमाडौँबाट नारायणगढ,भैरहवा,सुनौली,लुम्बिनी, तौलिहवा, पोखरा, स्याङ्जा, वालिङ, गल्याङ, बाग्लुङ, बेनी, बुर्तिवाङ, कुश्मा, चापाकोटलगायत स्थानमा जाने माईक्रोबस नयाँ बसपार्कभित्रबाट सञ्चालन हुन थालेका हुन् ।

लोत्से बहुउदेश्यीय प्रालिका मानव संशोधन प्रमुख पङ्कज मल्लले नयाँ बसपार्कभित्र सञ्चालन हुने माईक्रोबसका लागि छुट्टै टिकट काउन्टर निर्माण गरेको बताउनुभयो । यसअघि काठमाडौँबाट चितवन, नवलपरासी, भैरहवा जाने माईक्रोबस कलङ्कीको मुख्य सडकबाट गुड्दै आएका थिए ।

यस्तै, पृथ्वी राजमार्गअन्तर्गत पोखरा, लमजुङ, बागलुङ, म्याग्दीलगायतका क्षेत्रमा चल्ने माईक्रोबस गोङ्गबुदेखि नयाँ बसपार्क बीचको मुख्य सडक छेउ, धादिङ, रसुवा नुवाकोट जाने सवारीसाधन माछापोखरी र गोरखा चल्ने माईक्रोबस बालाजु क्षेत्रबाट सञ्चालन हुँदै आएका थिए । काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने सार्वजनिक सवारी साधनलाई व्यवस्थित तथा पार्किङ गर्नका लागि काठमाडौं महानगरपालिकाले विसं २०५६ मा ल्होत्से बहुउद्देश्यीय प्रालिसँग सम्झौता गरी नयाँबसपार्क सञ्चालनमा ल्याए पनि कतिपय सार्वजनिक बस भने अहिलेपनि चक्रपथको मुख्य सडकलाई बसपार्क बनाएर सञ्चालन हुँदै आएका छन् ।

काठमाण्डु महानगरपालिकाका यातायात विज्ञ जगतमान श्रेष्ठले चक्रपथ विस्तारको काम सुरु भएपछि सडकको वरिपरिबाट अव्यवस्थित रुपमा सञ्चालन हुँदै आएका सवार ीसाधनलाई नयाँबसपार्कभित्रबाट सञ्चालन गर्नेगरी काठमाण्डु महानगरपालिकाले काम गरिरहेको बताउनुभयो ।“काठमाडौं महानगरपालिकाले लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधन पार्किङका लागि नयाँबसपार्कमा एक सय ६१ रोपनी जग्गा उपलब्ध गराएको छ, सबै सवारीसाधन बसपार्कभित्रबाट सञ्चालन गर्नुपर्छ भनेर महानगरपालिकाले काम गरिरहेको छ”, उहाँले भन्नुभयो । गोँगबुस्थित नयाँ बसपार्कमा हाल ८०० सवार ीसाधन अटाउने क्षमता रहेको छ ।

महानगरपालिकाका यातायात विज्ञ श्रेष्ठले नयाँ बसपार्कभित्र काठमाडौं भित्रिने सवारीसाधन नअटाए त्यसको विकल्प खोजिने बताउनुयो । काठमाडौंको चक्रपथ वरपर मुख्य सडकमा टिकट काउन्टर र जथाभावी बस पार्किङ गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनमा समेत समस्या हुने गरेको छ ।

काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार लामो दूरीका सवारीसाधन चक्रपथको बाटो भएर ओहोरदोहोर गर्दा ट्राफिक व्यवस्थापनमा असहज हुने गरेको हो । कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले लामो दूरीका सवारीसाधन चक्रपथ वरपर सडकमा पार्किङ गर्दा उपत्यकाको ट्राफिक व्यवस्थापनमा समस्या हुने गरेको बताउनुभयो । पछिल्लो समय मुलुकको सङ्घीय राजधानी काठमाडौंलगायत देशभर निजी तथा सार्वजनिक सवारी साधनको सङ्ख्या वृद्धि हुँदा र बाटो साँघुरो हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिँदै गएको छ । रासस


## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘गर्मीले तराईको जनजीवन कष्टकर भयो’



काठमाण्डु । सांसदले तराई-मधेशमा केही दिनयता चर्को गर्मीले जीवन कष्टकर भएको जनाउँदै आवश्यक राहतका लागि सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको बिहीबारको बैठकको शून्य समयमा सांसद निर्मला कोइरालाले तराई-मधेसका जिल्लामा गर्मीका कारण लु चलेको र जीवन कष्टकर भएको अवस्थामा विद्युत् आपूर्ति नियमित नहुँदा जनजीवन झन कठिनाइ भएकाले विद्युत् नियमित आपूर्तिका लागि सरकारको ध्यनाकर्षण गराउनुभयो।

**देशभर तापक्रम वृद्धि भएर ४४ डिग्री सेल्यिस पुगेको र जनजीवन कष्टकर भएको तथा कृषि क्षेत्रमा असर पुगेको अवस्थामा तत्कालीन र दीर्घकालीन सामाधानका आवश्यक उपायका बारेमा सरकारसँग माग गरे।**

सांसद प्रदीप पौडेलले देशभर तापक्रम वृद्धि भएर ४४ डिग्री सेल्यिस पुगेको र जनजीवन कष्टकर भएको तथा कृषि क्षेत्रमा असर पुगेको अवस्थामा तत्कालीन र दीर्घकालीन सामाधानका आवश्यक उपायका बारेमा सरकारसँग माग गर्नुभयो।

सांसद नारायणी शर्माले दाङको सीमा नाका क्षेत्रका बासिन्दाका लागि खानेपानी शिक्षा स्वास्थ्यको व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो। सांसद निशा डाँगीले बागमतीका नाममा धेरै राजनीति भएको सरसफाइका नाममा करिब रु २२ अर्ब खर्च भइसकेको तर अझै प्रभावकारी काम नभएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद प्रतिक्षा तिवारीले बागमती अधिकार सम्पन्न समितिलाई बागमती सभ्यता सुधारका ०.५ प्रतिशत कर रकम उठाईंदै आएको करिब सात अर्बभन्दा बढी रकम जम्मा भइरहेको अवस्थामा त्यसको प्रभावकारी उपयोग गर्न आग्रह गर्नुभयो। सांसद प्रभु साहले किसानका बालीनाली जङ्गली जनावरले नाश गर्ने गरेको अवस्थामा आवश्यक क्षतिपूर्ति नपाएको जनाउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद प्रेम सुवालले मुलुकका ठूला जलविद्युत् आयोजना निर्माणको जिम्मा विदेशीलाई नदिइ नेपाल सरकार आफैँले बनाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद वसन्तकुमार नेम्वाङले मुलुभर गाईबस्तुमा महामारी रोग फैलिएको भन्दै रोग नियन्त्रण तथा समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद बीना देवीले रौतहटमा रहेको चिनी मिल बन्द भएको जनाउँदै शीघ्र सञ्चालनका लागि माग गर्नुभयो। सांसद विनिता कठायतले पोर्चुगलमा रहेको नेपालीले नेपाली दूतावास स्थापनाको माग गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# तातो हावा यथावत्

काठमाण्डु । देशका तराईका भू-भागमा आगामी केही दिनसम्म तातो हावा तथा लू लाग्न सक्ने सम्भावना रहेकाले यसबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

तातो दिन तथा लूसम्बन्धी विशेष बुलेटिन निकालेर महाशाखाले तराईका धेरैजसो क्षेत्रमा अधिकतम र न्यूनतम तापक्रम बढेकाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो।

“हालको तल्लो र उपलल्लो वायुमण्डलको अध्ययन र विश्लेषअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ । तसर्थ, देशका तराई भू-भागमा आगामी पाँच दिनसम्म तातो हावा तथा लूको सम्भावन यथावत् रहने देखिएकोले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ”, बुलेटिनमा उल्लेख छ।

साथै पहाडी भू-भागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरुपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी सूचना तथा पूर्वानुमानमा अद्ययावधिक रहन पनि अनुरोध गरिएको छ।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाले अबका तीन दिनसम्म लू चल्ने सम्भावना रहेको बताउनुभयो। “विगत दुई दिनदेखि तराईका अधिकांश भू-भागमा लू चलिरहेको छ। समग्रमा तराईको मध्य क्षेत्र सप्तरीदेखि भैरहवा क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस नाघेर तातो हावा तथा लू चलेको छ। नेपालगञ्जलगायत क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री हाराहारी छ जसले गर्मी बढेको छ”, उहाँले भन्नुभयो । लगातार पाँच दिनसम्म सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापक्रम बढेमा लू चलेको मानिन्छ। वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद् झाको भनाइ छ। साथै पहाडी भू-भागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरुपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाद्वारा जारी सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहन पनि महाशाखाले अनुरोध गरेको छ।

महाशाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनअनुसार हाल देशमा पश्चिमी वायुको साथै स्थानीय वायुको आंशिक प्रभाव छ । देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भेगमा मौसम सामान्यतया सफा रहेको छ । दिउँसो कोशी प्रदेशलगायत गण्डकी तथा कर्णाली प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित क्षणिक वा हल्का वर्षाको सम्भावना छ । विगत दुई सातादेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको महाशाखाले जनाएको छ । काठमाडौँ उपत्यकालगायत देशका अन्य उपत्यकामा समेत तापक्रममा क्रमिक वृद्धि भइरहेको छ। तराई भू-भागमा, मुख्यतया मध्य तराई र आसपासमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ।

तातो हावा तथा लूबाट हुने सम्भावित असरजस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, माँसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न आग्रह गरिएको छ। तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा दाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ जुस सर्वत आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या आएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही सल्लाह सुझाव लिन पनि महाशाखाले सुझाएको छ । बिहीबार काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम १७ दशमलव ५ डिग्री र अधिकतम तापक्रम ३२ डिग्री सेल्सियस रहेको छ। रासस

## लूबाट बच्न बढी गर्मीमा घरभित्र बस्न आग्रह




काठमाण्डु । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले देशका तराई भूभागमा आगामी चार दिनसम्म तातो हावा तथा लूको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्नका लागि सतर्कता अपनाउन अनुरोध गरेको छ।

देशभरिको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भूभागमा तापक्रम क्रमिकरुपमा बढ्ने देखिन्छ। काठमाण्डु उपत्यकालगायत देशका अन्य उपत्यकामासमेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भूभागमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ।

हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन र विश्लेषणअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ। साथै पहाडी भूभागका उपत्यका तथा खोँचमासमेत तापक्रम क्रमिकरुपमा बढ्नसक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहनसमेत अनुरोध गरिएको छ।

महाशाखाले तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउन सुझाव दिएको छ।

साथै नियमित (पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत अनुरोध गरिएको छ।

तातो हावा तथा लूबाट थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएको छ। रासस

# रहस्यको गर्भमा मौलापुरको महादेव मन्दिर

रौतहट। “यो मन्दिर त रहस्यैरहस्यले भरिएको रहेछ। जति उत्खनन गर्यो, जति अनुसन्धान गर्यो, उति नयाँनयाँ रहस्यहरु उद्घाटित भइरहेका छन्”, पूर्वमन्त्री एवं रौतहट-३ का सांसद प्रभु साहले मौलापुर नगरपालिका-५ स्थित पुरातात्विक पतौरा मन्दिरलाई देखाउँदै भन्नुभयो। प्रारम्भमा यो मन्दिर सेनकालको भन्ने मानियो। पछि अर्को तथ्य फेला पर्यो र यसको इतिहास कर्नाटकालसँग जोडियो । अहिले त यो कर्नाटकालभन्दा पनि प्राचीन हो भन्ने विभिन्न तथ्यहरु उजागर हुँदैछ।

जानकारहरुका अनुसार यस मन्दिर र वरपरको क्षेत्रको उत्खनन् गरी पुरातात्विक अध्ययन अनुसन्धानले पूर्णता पाए विगतको सिम्रौनगढ राज्यको मात्र होइन, नेपालकै इतिहासमा नयाँ ढङ्गले अध्ययन गर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ । उनीहरुका अनुसार यो मन्दिर १०औँ शताब्दी वरपरको हुनसक्ने अनुमान छ। यसको उत्खनन र संरक्षण राज्यबाटै हुनुपर्ने र यसलाई विश्व सम्पदामा सूचीकृत गरिनुपर्ने स्थानीयवासी बताउँछन्।

अनुसन्धानबाट नयाँ तथ्य फेला परेसँगै ऐतिहासिक एवं पुरातात्विक महत्व बोकेको यस पतौरामन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउनुपर्ने माग उठ्न थालेको छ । धार्मिक, पौराणिक एवम् पुरातात्विकरूपमा यो मन्दिर इतिहासको कैयौँ कालखण्डको साक्षीका रुपमा रहेकाले यसलाई विश्वसम्पदा सूचीमा समावेश गर्नुपर्ने माग गरिएको हो।

हाल पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा पुर्याउन आफू निरन्तर प्रयत्नरत रहेको नगरपालिकाका प्रमुख रिना कुमारी साहले बताउनुभयो। उहाँले भन्नुभयो, “नेपालको धेरै सम्पदा विश्व सम्पदामा समावेश छ तर तराई मधेसको एउटा पनि सम्पदा विश्व सम्पदामा समावेश छैन ।” ऐतिहासिक एवं पुरातात्विक महत्व बोकेको यो मन्दिर नेपालकै एक महत्वपूर्ण पर्यटकीय केन्द्रका रुपमा स्थापित हुने उहाँको भनाइ छ । नेपालमा जम्मा १० वटा सम्पदालाई विश्वसूचीमा राखिएकाले अब अर्को गन्तव्य पुरातात्विक मन्दिर बन्ने मेयर साहको विश्वास छ।

पूर्वमन्त्री एवं सांसद साहको विषेश पहलमा उक्त मन्दिरको पर्खालका रुपमा प्रयोग गरिएको ऐतिहासिक इन्टाको पुरातत्व विभागमा जाँच हुँदा मन्दिरको पर्खालका रुपमा रहेको ईँटाहरु झन्डै १० इञ्चभन्दा बढी चौडाइ रहेको पाइएको छ । विसं २०६७/६८ मा सांसद साहले यस मन्दिरको अवस्थाका बारेमा पुरातात्वक विभागलाई खबर गरी मन्दिरको जीणोद्धारका लागि अनुरोध गर्नुभएको थियो।

यस मन्दिरको अध्ययनमा संलग्नका अनुसार मन्दिरको पुनःनिर्माण संरचना भेटिएको र पछि सामान्य उत्खनन गर्दा प्राप्त भएको शिवलिङ्गलाई मन्दिर बनाएर पूजाआजा गर्न थालिएको थियो। यस मन्दिरमा पूजा गरेमा मनोकामना पूरा हुने जनविश्वास छ। पछिल्लो समय यस मन्दिरमा पूजा गर्न नेपाल तथा भारतीय भक्तजनको भीड लाग्न थालेको छ।

प्रारम्भिक उत्खननका क्रममा मन्दिर सेनकालीन रहेको पाइयो । मन्दिरमाथि शासन स्थापना हुने समयकै हाराहारीको रौतहटको ईशनाथ मन्दिर (स्थापना विसं १११४)लाई विचार गर्दा पतौराको महादेव मन्दिर अझ पुरानो भएको हुनसक्ने अनुमान गरिन थालिएको छ।

प्रारम्भिक उत्खनन प्रतिवेदनअनुसार ११ देखि १२ शताब्दी अर्थात् कर्नाटकालमै यस मन्दिरको पूनर्निर्माण गरिएको पाइएको छ । उत्खनन एवं अन्वेषणबाट महादेव मन्दिरको बेलायतका पुरातात्विक अध्येताहरुद्वारा अध्ययन सुरु भएको छ। मन्दिर उत्खनन्का क्रममा निकै पुरानो संरचना प्राप्त भएपछि विशेष पुरातात्विक अध्ययन गर्न थालिएको हो। धेरै प्रमाणबाट मन्दिर कर्नाटकालको रहेको देखियो। पछि विदेशी टोलीले अन्वेषण गर्दा त्यो भन्दा पनि पुरानो हुनसक्ने अनुमान गरिएको छ। कुनै कालखण्डमा यहाँ एउटा समृद्ध सहर रहेको प्रमाण पनि फेला परेको छ।




पतौरा महादेव मन्दिरको विषयमा चासो बढेपछि बेलायतको दुर्हाम विश्वविद्यालयको पुरातात्विक टोलीले स्थलगत अध्ययन थालेको छ ।मौलापुर नगरपालिकाका अनुसार जमिनमुनि दुई मिटरसम्मको पुरातात्विक एक्सरे गर्न सक्ने मेसिनको सहायतासमेत लिएर रिची भिलिस र एलिक नेलोरको संयुक्त टोलीले पुरातात्विक अध्ययन थालेको थियो।

मधेश प्रदेशमै नमुना पालिकाको रूपमा रहेको मौलापुर नगरपालिकाले विकास पूर्वाधारका साथै यहाँ रहेका सांस्कृतिक एवं पुरातात्विक सम्पदाहरुको संरक्षण र प्रवर्द्धनमा पनिजोड दिएको नगरपालिकाका प्रशासकीय अधिकृत रामबाबु साह बताउनुहुन्छ । “पतौरा महादेव मन्दिर मौलापुरको मात्र नभई सिंगो देशको एक महत्वपूर्ण धार्मिक पर्यटकीय केन्द्र बन्दै गएको बताउँदै उहाँ भन्नुहुन्छ, “यस मन्दिरको प्रवर्द्धन र विकासलाई नगरपालिकाले उच्च महत्व दिएको छ।” यस मन्दिर प्राङ्गणमा २०७६ फागुनमाआयोजना गरिएको महायज्ञमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले विशेष पूजाअर्चना गर्नुभएको थियो।

धार्मिक पर्यटनको हिसाबले यस क्षेत्रलाई विश्व समुदायमा प्रचार गर्न सकिने सम्भावना रहेको बताउँदै नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झा भन्नुहुन्छ, “यस मन्दिरलाई विश्वसम्पदा सूचीमा राख्न सकिएमा पुरातात्विक विषयमा चासो राख्ने पर्यटकहरुलाई पनि भित्र्याउन सकिनेछ ।” सरकारले २०७५ सालमा देशैभरका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकासका लागि सयवटा नयाँ पर्यटकीय गन्तव्य सार्वजनिक गरेकामा मधेस प्रदेशबाट पतौरा महादेव मन्दिरलाई पनि छनोट गरेको थियो। सय पर्यटकीय गन्तव्य छनोट गर्दा सय वर्ष पुराना पुरातात्विक सम्पदालाई सबैभन्दा बढी प्राथमिकता दिइएको थियो। रासस

कर्नाटकालमा (११-१२ शताब्दी), फेरि अर्को पटक सेनकालमा (१५-१६ औँ शताब्दी) र पछिल्लो पटक अहिले भएको छ। हरेक पाँच/पाँच सय वर्षको अन्तरालमा मन्दिर लोप हुने र पछि पुनः प्रकट हुने विश्वास गरिन्छ। सांसद साहले जनकपुरको जानकी मन्दिर, गढिमाई मन्दिर, बारा सिम्रौनगढका ठूलो इतिहास बोकेको सम्पदासहित रौतहटको मौलापुर पतौराको हजारौं वर्ष पुरानो पतौराको महादेव मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्न आफू लागिपरेको बताउनुभयो।

उहाँले यस्ता सम्पदाहरु विश्वसम्पदा सूचीमा समावेश गराउन आवश्यक कूटनीतिक तथा अन्य पहलका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । बारी खन्ने क्रममा पुराना ईँटा भेटिएपछि स्थानीयले सामान्य उत्खनन गर्दा मन्दिरको माली टोल रहेकाले थप उत्खननमा नै बाधा पुगेपछि नगरपालिकाले बस्तीलाई अन्यत्र सारेर मन्दिर क्षेत्र खाली गराई वरिष्ठ पुरातत्वविद् तारानन्द मिश्र नेतृत्वको टोली र पुरातत्व विभागले थप उत्खनन गर्दा मन्दिरको पुनर्निर्माण कार्य कर्नाटकालीन समयमा पनि भएको तथ्य फेला पर्यो । मन्दिरको प्रारम्भिक उत्खननको क्रममा नै कैयौँ रहस्यमयी तथ्यहरू बाहिर आउन थालेका छन्। यस मन्दिरको उत्खनन र पुरातात्विक अध्ययन भइरहेकै समयमा पुरातत्वविद् मिश्रको निधन हुँदा मन्दिरका अनेकौं तथ्य प्राप्तिमा समस्या भएको अनुभव गरिएको छ।

मन्दिरलाई उत्खनन गर्दै जाँदा जमिनको सामान्य सतहदेखि करिब २२ फिट गहिरोसम्म यसको संरचना भेटिएको छ। सिम्रौनगढमा कर्नाटवंशीय प्राप्त अन्य तथ्यअनुसार मन्दिरसँगै एउटा दरबारको अवशेषसमेत भेटिएको छ । उक्त दरबार तत्कालीन शासकको केन्द्र हुन सक्ने अनुमान गरिएको छ। समय क्रमसँगै समाज, शासन एवम् प्रकृतिमा व्यापक परिवर्तन भएपनि यो मन्दिरको पुरानो अस्तित्व कायम नै रहेको देखिन्छ।

प्राचीनकालदेखि नै मौलापुर धर्म र आस्थाको केन्द्र रहेको विश्वास गरिन्छ । मौलापुर शब्द संस्कृतको ‘मौला’र पुरबाट उत्पत्ति भएको हो । मानसार शिल्पशास्त्रका अनुसार मौलाको अर्थ भगवान् शिवको जट्टालाई जनाउँछ भने पुरको अर्थ नगर हुन्छ। यस अर्थमा पनि मौलापुर शिवको जटाबाट उत्पत्ति भई परापूर्वकालदेखि नै पवित्र शिव भूमि रहेको कुरा सहजै बुझ्न सकिन्छ।

रौतहटको मौलापुर नगरपालिकाको पतौरामा उत्खननको क्रममा रहेको

# इनार सुक्न थालेपछि खानेपानीको समस्या

काठमाण्डु । पछिल्लो समय बढ्ेको अत्यधिक गर्मीका कारण दाङका इनार सुक्न थालेपछि पानीको समस्या भएको छ। गाउँमा पानीको मुख्य स्रोत इनार, कुवा रहेकामा गर्मीका कारण इनार र कुवामा पानी सुक्न थालेको छ।

“जेठको पहिलो सातादेखि नै धाराबाट खानेपानी झर्न छाडेको छ”, घोराही-९ की मदा गौतमले भन्नुभयो, “यस वर्ष खानेपानीको अभाव बढ्दो छ। गाउँमा पानी खान नपाएर काकाकूल भइएला जस्तो छ।” उहाँका अनुसार गाउँका धेरैजसोका इनार सुकेका छन्।

रातभरी इनारमा जम्मा भएको चार, पाँच गाग्री पानी गाईवस्तुका साथै मानिसका लागि पुराउनुपर्ने बाध्यता रहेको गौतमको भनाइ छ। “वडा नं ६, ८, ९ र १० मा पानीको मुख्य स्रोत धारा, इनार र कुवा हुन्। अहिले सबै स्रोत सुक्न थालेपछि खानेपानीको हाहाकार मच्चिएको छ”, उहाँले भन्नुभयो । वैशाख मध्यपछि पानीका मुहान सुक्दै गएका भन्दै जेठ लागेपछि पानीको समस्या झन बढ्ेको उहाँले बताउनुभयो।

तराईमा वैशाख, जेठलाई अत्यधिक गर्मी हुने समयका रूपमा लिइन्छ। हरेक वर्ष यस समयमा पानीको समस्या हुने गरेको भए पनि यस वर्ष भने पानीको समस्या जटिल बन्ने सङ्केत देखिएको यहाँका स्थानीय बताउँछन् । इनार एकपछि अर्को सुक्दै गएका छन्।

तल्लो भेगका बस्तीमा खानेपानीका लागि प्रयोग हुँदै आएका पानीका स्रोत सुकेर समस्या बढेको घोराही-७ सौडियारकी सुदा शर्माले बताउनुभयो। रासस



## कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार नगरौं

**बोक्सीको आरोपमा कसै उपर अमानवीय दुर्व्यवहार, कुटपीट गर्ने, मलमुत्र खुवाउने, दुर्व्यवहार गर्ने, सामाजिक वहिष्कार गर्ने, कपाल मुण्डन गर्ने लगायतका जघन्य अपराध नगरौं, नगराऔं।**

**यस्ता क्रियाकलापहरु गरेको पाईएमा बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ अनुसार कुनै व्यक्तिलाई कुटपिट गर्ने, खोप्ने, डाम्ने, पोल्ने, रासायनिक, विषालु, जैविक पदार्थ प्रयोग गरी वा अन्य किसिमले यातना दिने, मलमूत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी/नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमले क्रुर अमानवीय वा अपमानजनक व्यवहार गर्नेलाई पाँचदेखि ८ वर्षसम्म कैद सजाय र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था छ।**

**त्यसैले कोही कसैले यस्ता अमानवीय व्यवहार नगरौं। यस्ता अमानवीय क्रियाकलाप भईरहेको छ भने नजिकको प्रहरी कार्यालयमा जानकारी गराऔं।**

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# नदीलाई प्रदूषण मुक्त गर

वीरगञ्जको सिर्सिया नदीको पानी बोकी काठमाण्डुमा धर्नामा बसेका स्थानीयवासीहरुले सरकारको आश्वासन पाउन थालेका छन् । नदी प्रदुषण रोक्न स्थानीयवासीहरुको एक टोली सो नदीका पानी लिएर काठमाण्डुमा धर्ना लगायतका सरकारलाई दबाब दिन त्यहाँ पुगेका छन् । वीरगञ्जका अधिकांश ठूला साना कलकारखानाहरुले फोहर पानी सो नदीमा छोड्ने गरेका कारण सो नदीको पानीले प्रदुषण फैलाउने गरेको छ । सो क्षेत्रमा बसोबास गर्नेहरुमा विभिन्न प्रकारका रोगहरुको सम्भावना बढ्न थालेको छ । हरेक जनताको स्वास्थ्यप्रति सरकार सम्वेदनशील हुनुपर्ने संवैधानिक अधिकार भए पनि सो नदीको प्रदूषित पानीले हजारौं आम सर्वसाधारण जनता भने प्रभावित बनेका छन् । स्थानीय,प्रदेश र संघ गरी तीन तहको सरकार मुलुकमा विद्यमान रहे पनि स्थानीय र प्रदेश सरकारले समस्याको समाधान गर्न नसक्ने भन्दै स्थानीयवासीहरुले संघ सरकारलाई गोहार गर्न काठमाण्डु पुगेका छन् । उनीहरुको आन्दोलनमा सरकारका गृहमन्त्री नारायणकाजी श्रेष्ठले बुधबार सहमति जनाए पनि ठोस निर्णय आउन भने सकेन् । सरकारले मौखिक सहमति गरेर हुँदैन् उनीहरुले लिखित रुपमा सहमति जनाउनुपर्ने र छिटो भन्दा छिटो समस्याको समाधान गर्न माग गरेका छन् । नेपालको संविधानले हरेक नागरिकलाई गास, बास र कपासको व्यवस्थापनको जिम्मा लिए पनि स्वास्थ्यमा पर्ने प्रतिकूल असरको बारेमा पनि सरकारले जिम्मा लिनुपर्नेछ । सरकारले आफ्नो दायित्वबाट पछि पर्नु हुँदैन् । यदि कलकारखानाको पानीले आम जनताको जीवनमा प्रतिकूल असर पार्छ भने त्यसको वैकल्पिक उपाय खोज्नुपर्ने सरकारको दायित्व हो । स्थानीय सरकारले पनि तदारुकताका साथ यस विषयमा चनाखो हुनु जरुरी छ भने प्रदेश सरकार पनि आफ्नो भूमिकाबाट पछि हट्नु पर्दैन् । कलकारखानाको गन्हाएको पानीले हजारौं जनाको जनजीविकामा असर पार्छ भने त्यसको विकल्प खोज्नु तीनै तह सरकारको महत्वपूर्ण जिम्मेवारी हो । जनताको स्वास्थ्यसंग खेलवाड गर्ने अधिकार कुनै सरकारको छैन् र सरकारले आफ्नो भूमिका बिर्सनु पनि पर्दैन् । जनताले विरोध गरेको खण्डमा सरकारले उत्सुकता देखाएर जनताको समस्या समाधान गर्नुपर्छ । ठूलठूला उद्योगीहरुको आर्थिक प्रभावको कारण मेयरलगायत अधिकारीहरुले कुनै चासो नदेखाएको स्थानीयहरुको आरोपको समेत स्थानीय सरकारले जवाफ दिनुपर्छ । गत वर्ष छठ पर्वको बेला ठूलाठूला गफ दिएका मेयर सिंहले राम्रै आर्थिक लाभ लिएर चुप लागेको स्थानीयहरुको आरोप छ । सार्वजनिक जग्गा अतिक्रमण हटाउन निजी भवन भत्काउन सक्ने मेयरले सिर्सिया नदीलाई प्रदूषित बनाउनेलाई किन कारबाही गर्दैनन् ? स्थानीयहरुको प्रश्न मेयर सिंहकोलागि चुनौती रहेको छ । सिर्सिया नदीलाई स्वच्छ बनाउन वरिपरिका उद्योगहरुले सोझै बगाउने ढल र प्रदूषित पानीलाई रोक्न उपकरण र पोखरी बनाउन खर्च गर्नुपर्ने हुन्छ । उद्योगीहरुले पानी प्रशोधनमा पुँजी नलगाई सोझै मेयर र अधिकारीहरुलाई नगद बुझाएर थामथुम पार्ने गरेको स्थानीयहरुका आरोप छ । यी आरोपहरु लाग्नु स्थानीय सरकारको लागि दुर्भाग्य हो । स्थानीय सरकारले सिर्सिया नदीको पानीबाट प्रभावित भएकाहरुलाई यथाशीघ्र सम्बोधन गर्नु र समस्या समाधान गर्न तिर लाग्नुपर्छ प्रदूषण मुक्त बनाउने तिर लाग्नुपर्छ ।

# आत्मनिर्भरको बाटोमा ग्रामीण महिलाहरु

सुशील दर्नाल

शहिद लखन गाउँपालिका-२ बेतेनीस्थित ‘लगनशील कोशिस कृषि महिला समूह’ले पछिल्लो दुई महिनामा १७ हजार रुपैयाँको फूल बेचेको छ । पाँच महिनादेखि फूल खेती सुरु गरेको समूहले फूल बेचेर रु १७ हजार आम्दानी गरेको हो । उन्नाइस महिला आबद्ध समूहले एक रोपनी जग्गा भाडामा लिएर फूल खेती गरेको हो । समूहले जग्गा धनीसँग वार्षिक पाँच हजारका दरले भाडा तिर्ने गरी पाँच वर्षसम्मको लागि सम्झौता गरेको छ । समूहमा आबद्ध महिलाले सुरुमा फूल कसरी लगाउने, कति मल राख्ने कति पानी राख्ने, टनेल कसरी बनाउने, फूलको बीउ कसरी राख्नेलगायत फूल खेतीसम्बन्धी तालिम लिएपछि खेती सुरु गरेका हुन् । समूहकी अध्यक्ष पृथ्वीमाया गुरुङले भन्नुभयो, “गएको पुसमा तालिम लिएपछि माघमा फूलको बेर्ना सारियो र वैशाखदेखि फूल बेच्न सुरु गर्‍यौं, फूलको माग अनुसार पुर्‍याउन सकेको छैनौं ।” यतिछिटै फूल बिक्रीबाट आम्दानी गर्न सकिएला भन्ने उहाँहरुलाई लागेको थिएन ।

अध्यक्ष गुरुङ भन्नुहुन्छ, “समूहका सबै महिला मिलेर अहिले गोदावरी र सयपत्री फूल लगाएका छौं, मुख्यगरी जग्गा र पानीको समस्या भएको छ, जग्गा पढाउने तयारीमा छौं ।” धेरै फूल खेती गर्नका लागि अहिले जग्गा र पानीको अभाव भएको छ । समूहले उत्पादन गरेको फूल मनकामना मन्दिरमा लगेर बेच्ने गरेको छ ।शहिद लखन गाउँपालिका-९, नामजुङ खड्कगाउँस्थित लालुपाते कोशिस महिला कृषि समूहका सचिव रुपा दवाडीको घरमा अहिले १४ वटा बाख्रा छन् । बीस सदस्य रहेको समूहकी सचिव दवाडीले सुरुमा छ वटा मात्रै बाख्रापालन गर्दै आउनुभएको थियो । बाख्रापालनसम्बन्धी तालिम लिएपछि भने आठ बाख्रा थपेर अहिले १४ पुर्‍याउनु भएको छ ।

“पहिला बाख्रा बिरामी हँदा कुन औषधि खुवाउने, कस्तो दाना खुवाउने भन्ने थाहा थिएन, बाख्राको लागि खनिज ढिक्का बनाउने पनि थाहा थिएन”, उहाँले भन्नुभयो, “तालिम लिइसकेपछि बाख्रा पाल्न सजिलो भएको छ, तालिममा बाख्रापालन गर्दाको फाइदा, बाख्राको खोर बनाउँदा ध्यान दिनुपर्ने विषय र बाख्रामा लाग्ने आन्तरिक परजिवी र उपचार पद्दतिबारे सिकेपछि अहिले बाख्रा पाल्न सहज भएको छ ।” त्यसैगरी रत्ननगर नगरपालिका-११, चितवन, गैरीगाउँस्थित ‘गैरीगाउँ महिला कोशिस कृषक समूह’ले करेला र भिण्डी बिक्री गरेर रु ४० हजार आम्दानी गरेको छ । चार कट्ठा जग्गा भाडामा लिएर करेला र भिण्डी लगाएको समूहले भिण्डीको प्रतिकेजी ६० र करेलाको प्रतिकेजी ५० रुपैयाँमा बेच्दै आएको छ । समूहमा आवद्ध महिलाले सामूहिक रुपमा करेला र भिण्डी लगाएर आम्दानी गरेका हुन् । उनीहरुले एक दिन बिराएर नारायणघाट सब्जीमण्डीमा लगेर तरकारी बेच्ने गरेका छन् । समूहकी सदस्य शान्ति बास्तोलाले भन्नुभयो, “तालिम लिँदा र नलिंदा धेरै फरक हुँदोरहेछ, तालिम लिएपछि कसरी तरकारी लगाउने, तरकारीमा समयमै पोटास, युरिया, पानी राख्नुपर्ने, बेलाबेलामा गोडमेल गर्नुपर्नेलगायत धेरै कुरा थाहा भएपछि तरकारी खेती गर्न सहज भएको छ ।” समूहमा सदस्यहरुले मासिक सय रुपैयाँ उठाउने गरेका छन् । गत पुसमा समूह गठन गरेर सदस्यहरुले १ प्रतिशत व्याजमा समूहबाट आवश्यकताको आधारमा पैसा निकालेर घर खर्च चलाउँदै आएका छन् । कट्ठाको वर्षको ३५ सय रुपैयाँको दरले जग्गाको भाडा तिर्नुपर्छ । समूहले जमिन बढाउने योजना पनि बनाएको छ । बास्तोलाले भन्नुभयो, “समूहमा बसेर काम गर्दा छुट्टै रमाइलो हुँदोरहेछ, विभिन्न कुराहरु जान्ने अवसर पनि मिलेको छ ।” समूहभित्र पनि पाँच/पाँच जनाको उपसमूह बनाएर आ-आफ्नो पालोमा तरकारी टिप्ने र बेच्ने गर्दै आएका छन् ।सुरुमा दलित महिला उत्थान सङ्घ (एड्वान) ले फूलखेती र बाख्रा पालनसम्बन्धी १५ दिनको तालिम फूलको बीउ र आवश्यक औजार प्रदान गरेको थियो । तालिममा बाख्रामा लाग्ने विभिन्न रोग र नियन्त्रणका उपाय, औषधि/उपचार, जुकाको उपचार र सुइ, रोग सर्ने माध्यम, बाख्रालाई खोप लगाउँदा अपनाउनुपर्ने उपाय, भर्खर जन्मेका पाठापाठीको हेरचाह गर्ने तरिका, ब्याउने बाख्रा र सुत्केरी माउको हेरचाह गर्ने तरिका, सन्तुलित दाना बनाउने तरिकाको प्रयोगात्मक अभ्यास गराइएको थियो ।



बाख्रापालनबाट आम्दानी गरेर घर खर्च चलाउँदै आउनुभएकी लालुपाते कोशिस महिला कृषि समूहका सचिव दवाडीले सबै बाख्राको बीमासमेत गराउनु भएको छ । “श्रीमानको खासै आम्दानी हुँदैन, बाख्रा पालेर पनि छोरा/छोरी पढाउनलगायत घर खर्च चलाउन सकिन्छ भन्ने लागेको छ, खासमा हामीले बाख्रा पाल्न नजाने र रहेछ, राम्रोसँग गरियो भने हुँदोरहेछ ।”, उहाँले भन्नुभयो । अब एड्वानले बाख्राको खोर व्यवस्थित बनाउन सहयोग गरिदिए हुन्थ्यो भन्ने लागेको छ दवाडीलाई । खोर व्यवस्थित भएको खण्डमा बाख्रा थप्ने योजनामा हुनुहुन्छ उहाँ । दवाडीले भन्नुभयो, “मैले पहिले पनि फर्म दर्ता गरेरै बाख्रा पालेको थिए, पहिला ३५/४० वटा नि थियो, पछि बाख्रालाई रोग लागेर धेरै मरेपछि जम्मा ५/६ वटा माउहरु मात्रै बाँकी भयो ।”

तालिमपछि एड्वानले दिएको यातायात खर्चवापतको प्रतिव्यक्ति ४५ सय रुपैयाँ पनि समूहमा राखिएको छ भने समूहमा मासिक १०० रुपैयाँ उठाउने गरिन्छ । तालिम सञ्चालन गर्दाको खर्च जोगाएको रु ९० हजारसमेत गरी अहिले समूहमा रु एक लाख २४ हजार जम्मा भएको छ । त्यसैबाट आवश्यक मात्रामा ऋण लिएर बाख्रा किनेर पाल्ने गरेको उहाँको भनाइ छ । बाख्रा पालेर खेतीको लागि मल पनि भएको उहाँले बताउनुभयो ।

रुपाले जस्तै शहिद लखन गाउँपालिका-९ गम्थालेकी डिलकुमारी नेपालीले पनि १५ वटा बाख्रा पाल्नु भएको छ । डिलकुमारीको पनि तालिम लिनुअघि नौ वटा मात्रै बाख्रा थिए तर तालिम लिएपछि भने थपेर १५ वटा बनाउनुभएको छ । “पन्ध्र दिनको तालिममा धेरै कुरा सिकियो, बाख्रा विरामी भएको बेलामा एउटै खोरमा राख्न नहुने रहेछ, खोरलाई सधैँ सफा राख्ने, हप्तामा दुई पटक बाख्राको मल छुट्टै राख्नुपर्ने रहेछ भन्ने जानियो”, उहाँले भन्नुभयो । पोहोर साल मात्रै तीन वटा खसी बेचेर छोराको पढाइ खर्च पुर्‍याएको उहाँले सम्झिनुभयो । डिलकुमारीले बाख्रापालन गरेरै घर खर्च चलाउने र छोरा/छोरीको पढाइ खर्च पुर्‍याउँदै आउनुभएको छ । अब भैंसी हटाएर बाख्रा नै थप्ने उहाँको सोचाइ छ । खड्कगाउँकै समूहकी सदस्य सुनिता भण्डारीले हालै एउटा खसी बिक्री गरेर रु १८ हजार हात पार्नुभयो । यसले आफूलाई घर खर्च चलाउन सजिलो भएको उहाँको भनाइ छ । समूहकी सदस्य अनिषा दवाडीले पनि समूहबाट ऋण निकालेर सातवटा बाख्रा पाल्नुभएको छ । यता गण्डकी गाउँपालकि-१, मकैसिंहस्थित ‘देवीमाई कोशिस महिला कृषक समूह’की सदस्य माया गुरुङले २७ वटा बाख्रा पाल्नुभएको छ ।

मायाले बाख्रापालनबाटै आम्दानी गरेर घर खर्च चलाएर केही रकम बचतसमेत गर्नुभएको छ । उहाँले बाख्रा पालनसँगै सुन्तला खेती पनि गर्नुभएको छ । शहिद लखन गाउँपालिकामा ‘हातेमालो कोशिस महिला कृषक समूह’, ‘लालीगुराँस कोशिस महिला कृषक समूह’, ‘नवपालुवा कोशिस महिला कृषक समूह’ र ‘बौद्धनाथ कोशिस महिला कृषक समूह’ गरी विभिन्न १२ वटा समूह गठन गरिएको छ । ती समूहले पनि अदुवा, बेसार, अकबरे खुर्सानी, कोसेवाली, बङ्गुरपालन, बाख्रा र कुखुरापालन गर्दै आएका छन् । सोही गाउँपालिकामा अहिलेसम्म सातवटा कृषिसम्बन्धी, एउटा पशुपालनसम्बन्धी र तीन वटा नेतृत्व विकाससम्वन्धी तालिम सम्पन्न भएको छ । त्यसैगरी गण्डकी गाउँपालिकामा अहिलेसम्म ११ वटा समूह गठन गरिएको छ भने छ वटा कृषिसम्बन्धी, एउटा पशुपालनसम्वन्धी र दुईटा नेतृत्व विकाससम्बन्धी तालिम सञ्चालन गरिएको थियो । गण्डकी गाउँपालिकाका ‘देवीमाई कोशिस महिला उद्यमी कृषक समूह’, ‘त्रिशुली कोशिश महिला कृषक समूह’ र ‘सिर्जनशील बहुउद्देश्य कोशिस महिला कृषक समूह’लगायत ११ वटा समूहले पनि कृषि र पशुपालन गर्दै आएका छन् । फूल खेती गरेर वा बाख्रापालन गरेर आत्मनिर्भर हुने पृथीमाया, रुपा, अनिषा, डिलकुमारी, सुनिता र माया उदाहरण मात्रै हुन् । वर्षौंदेखि घाँस दाउरामै ब्यस्त ग्रामीण भेगका महिला पृथ्वीमाया र रुपा जस्तै अचेल सामूहिक व्यावसायिक तरकारी खेती तथा पशुपालनमा लागेका छन् ।

पितृसत्तात्मक सोचबाट गुज्रेको हाम्रो समाजमा अझै पनि महिलालाई आयमूलक कार्यमा सग्लन कम र घरायसी काममा बढी समय दिनुपर्ने वाध्यता छ । उमेर नपुग्दै विवाह गरिदिने, आर्थिक स्रोतका लागि श्रीमानमा भर पर्नुपर्ने, अवसरबाट वञ्चित रहनुपर्ने, घरायसी बन्धन र निर्णय गर्ने अधिकार नहुनेजस्ता समस्याहरुले महिला पछाडि परेका छन् । युवा विदेश जाने प्रवृत्ति बढेसँगै कृषि क्षेत्रमा महिलाको सक्रियता बढ्दै गएको छ । शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापाले महिला र पुरुषबीचको विभेद् हटाउन पनि महिलालाई आत्मनिर्भर बनाउनुपर्ने तर्क गर्नुहुन्छ । महिलालाई सचेतनासँगै कृषिमा सशक्तीकरण गर्न सकिएमा कृषि उत्पादन वृद्धि हुनुको साथै आर्थिक सबलीकरणमा सहयोग पुग्ने देखिन्छ ।

# संसद्मा लोकतान्त्रिक अम्यासको अभाव



कुलचन्द्र वाग्ले

हाम्रो संसद्ले लोकतान्त्रिक अभ्यास गरेको खासै सुनिदैन । सुनिन्छ त एकोहोरो विरोध, उल्फत र चर्को चिच्याहटको आरोपप्रत्यारोप । गरिमामय अभ्यास अझै गर्न हाम्रो संसद् सक्षम देखिएको छैन । यसका धेरै कारण होलान् । किन नेपालको संसद् लोकतान्त्रिक अभ्यासमा चुकेको हो ? अनुसन्धानकै विषय हो ।

केही उदाहरणमध्ये त पहिलो त सांसदहरूले बोल्ने स्वतन्त्रताकै दुरुपयोग गरेको देखिएको छ । त्यहाँको प्रस्तुति सुन्दा टिठ लाग्दो र अर्थहीनजस्तै लाग्छ । अध्ययनहीन । के सुन्नु यस्तो निरर्थक र एकअर्कामाथि आरोप एवं तिक्त टिप्पणीको बौछार भनेजस्तो हुन्छ । व्यक्त आवाजमा आफू वा आफ्नो पक्ष दूधले धोएको अनि अर्को पक्ष चाहिँ हिलैहिलोमा लतपतिएको भन्ने खालको कुतर्क । के सुन्नु ? के सिक्नु ?

विवेक बोल्दैन त्यहाँ । स्वतन्त्रता मुखरित सुनिदैन त्यहाँ । टेबलको ताली ढ्याप ढ्यापमात्र सुनिन्छ त्यहाँ । हल्ला गुञ्जिन्छ । दलको ह्विप बोल्छ । त्यही निर्णय गर्छ । बहस त स्वतन्त्र विवेकले गरे हुन्थ्यो नि ! विवेकले निर्णय प्रभावित गर्ने हो । जनताको कान पनि, विवेक पनि र विचार पनि लाभान्वित हुने गरी त्यहाँ सांसदले बोल्दिए कस्तो हुँदो हो ? कस्तो सुनिदो हो ?

गरिमामय संसद् भनिन्छ । किन होला ? जनप्रतिनिधिको थलो भनिन्छ तर त्यहाँ व्यक्त गरिन्छ आआफ्नै कुण्ठा, अहंकार र घोचपेच । सुन्न र सिक्न चाहने नागरिक युवाले त्यहाँबाट निस्कने कर्कश ध्वनिबाट सिक्ने के होला ? बुझ्ने के होला ? कस्तो राजनीतिक संस्कारको विकास होला ? वक्ता सांसद्ले मैले कस्तो सन्देश र संस्कार प्रवाहित गरेको छु भन्ने चिन्तन कहिल्यै गरेका होलान् ? सुन्दा त्यस्तो सुनिदैनन् ।

संसद् के हो ? के सबै सांसद यस्तै दुच्छर अभिव्यक्तिका पर्याय देखिन्छन् र ? के सबै सांसद सधैँ वा बैठकमा आपसी आरोप, प्रत्यारोपको पोको मात्र बोकेर संसद् भवनभित्र छिर्छन् र ? तिनीहरू कसैसँग दृष्टिकोण, सभ्य तर मर्मस्पर्शी अभिव्यक्ति र गरिमामय लोकतान्त्रिक संस्कार छैन त ?

छन् केही राम्रा । छन् केही विचारवान् । छन् केही संस्कारी र संसदीय मर्यादा वा गरिमाप्रति सचेत सांसदहरू । तिनले पक्कै पनि जनप्रतिनिधि हुने दायित्व बुझेको सुनिन्छन् । तर, त्यो स्वर धिमा, मसिनु छ । कानमा पर्नै गारो । राजहंशले पानीको ताल वा समुद्रको गहिराइबाट मोती चुनेजस्तो ।

गरिमामय संसद्का जनप्रतिनिधि भन्न लायक छन् केही सांसद । तर, केहीले पोखरी थमिल्याई दिएजस्तै हाम्रो संसद्को ‘सर्वजान्ने’ पहिचान बनाइदिएका छन् ।



मानौ ती कुनै दलका भरिया मात्र हुन् । विवेक, विचार र संवेदनहीन । भत्ताको लागि हाजिरी गर्ने पात्रमात्र हुन् कि भनेजस्ता ।

संसद् लोकतान्त्रिक उन्नत अभ्यास गर्ने ठाउँ हो । सभ्य विचारको स्रोत, संस्कारको संवाहक, गहिरो जानकारी र ज्ञान प्रवर्धक चिन्तन प्रवाहित गर्ने मुलुककै उच्च राजनीतिक संस्था हो संसद् । अपेक्षा यही हो । तर, भएको छ के ? प्रश्नले सांसदहरूसँग नै उत्तरको आग्रह राख्छ ।

दुई सदनात्मक हाम्रो संसद् छ । राष्ट्रिय सभा र प्रतिनिधि सभा । यहाँ कुरा खासमा यिनैको गर्न खोजिएको हो । त्यसो त प्रदेश सभा पनि छन् । पालिकापिच्छे परिषद् आदि पनि छन् । तर, तिनले सिक्ने संघीय संसद्कै ‘रिफ्लेक्सन’ हो । प्रतिविम्ब हो । प्रक्रिया पनि त्यस्तै समान छन् ।

हाम्रो राष्ट्रिय सभा र प्रतिनिधि सभा दुवै ‘नरो वा कुञ्जरो वा अश्वत्थामा हतोहतः’ भनेजस्तो कुतर्कको तुमुल ध्वनिमा लिप्त वा लुप्त हुन् त ? होइनन् । राष्ट्रिय सभा केही भिन्न छ । संयमी र संस्कारी सुनिन्छ । माथि भनिएजस्तै दुवैतिर राम्रा सांसद छन् - विचारले, व्यवहारले र प्रवृत्तिले । राष्ट्रिय सभा अलि मर्यादित व्यक्त हुन्छ । यद्यपि, प्रतिनिधि सभा र दलहरूको ‘गन्धे’ बाछिटा त्यहाँ पनि पुगेको ध्वनित हुन्छ ।

आवधिक चुनाव लोकतान्त्रिक अभ्यास हो । राजनीतिक प्रक्रिया । संसद् लोकतन्त्रको प्रवृत्ति, पहिचान र संस्कार हो । देशको राजनीतिक पहिचानको विम्ब पनि संसद् नै हो । देशको छवि छायाँ प्रवाहित हुने मुख्य थलो यही हो ।

संसद् ( निर्वाचित जनप्रतिनिधिको संविधान सभा) ले संविधान बनायो । संविधान संसद्ले नै संशोधन गर्नसक्छ । ऐन, कानुन, नीति, नियम बनाउँछ । समग्रमा राजनीतिक, प्रशासनिक, कानुनी र आर्थिक बाटो वा मार्गचित्र तय गर्छ । सामाजिक दायित्व उद्बोध गर्छ । सीमा तोक्छ । स्वतन्त्रता दिन्छ ।

यस्तो अर्थात् संविधानको सीमाभित्र असीमित अधिकार प्रयोग गर्ने, गर्नसक्ने प्रतिनिधि सभा संसद्मा उपस्थित कति सांसद्ले यो गुरुत्व, दायित्व बोध गरेका होलान् ? चर्को चिच्याहटमा कोलाहल मच्चाउने उही ‘हतोहत’ प्रवृत्ति प्रवाहक सांसद्ले महत्त्वलाई कति अर्थ दिएका होलान् ? सांसद, संसद्ले नै संसदीय समिति बनाएर परख गर्दा हुन्थ्यो ।

घाँस,पराल र घुरलाई एउटै डुँडमा कोच्दा तीनको पहिचान छुट्याउन गारो हुन्छ । ती प्रत्येकको भिन्नभिन्न आकार, आकृति र विशेषता हुन्छ । सबैलाई एउटो डोकोमा बोक्नु चाराको लागि हुन्छ । समीक्षाको लागि तिनको प्रतिकेस्राको चिनारी पनि खोतल्नुपर्ने रहेछ ।

संसद्मा सहभागी प्रतिनिधि, राजनीतिक दल र स्वतन्त्र सांसद सबैको समान मूल्याङ्कन हुँदैन । तिनको मूल्य अर्थात् वैचारिक मूल्य भिन्नभिन्न छन् । संस्कार फरक छन् । प्रस्तुति विभिन्न हुन्छन् । समूहमा हुने यस्तै नै हो । भिन्नताहरूको प्रतिविम्ब । तर, हुने कस्तो ? प्रश्न यो हो ।

संसद् भौतिक भवनमात्रै होइन । त्यसभित्रको आत्मा सांसद हुन् । विचार हो । नीति, नैतिकता हो । उच्च राष्ट्रिय अभिव्यक्ति हो । पढिन्थ्यो-बेलायतका विन्स्टन चर्चिल, भारतका अटलविहारी वाजपेयी जब संसद्मा बोल्न उठ्थे तब संसद्मा पूरै ‘पिन ड्रप साइलेन्ट’ हुन्थ्यो । तन्मय सुन्थ्यो ।

संक्षिप्तमा भन्दा संसद्मा नेपाली कांग्रेसका सांसद अपेक्षाकृत संयमित सुनिन्छन् । प्रतिपक्षमा रहदा पनि कांग्रेस दल सम्बद्ध सांसद प्रायः सन्तुलित र मर्यादित नै सुनिएका हुन्छन् । प्रतिनिधि व्यक्तिको हैसियतमा अरू दलका सांसद पनि संयमित, सन्तुलित र मर्यादित सुनिन खोज्ने प्रवृत्तिका छन् । तर, तिनको नेतृत्व नै अराजक भएपछि ‘महाजनो येन गतः स पन्था’ हुने नै भयो ।

अहिलेको प्रतिपक्षको के कुरा गर्नु ? हलोदो चिनेपछि किन, कति कोट्याउनु ? ‘ओल्टी खुर्पा पल्टी धार, पल्टी खुर्पा तिघ्रै मार’ भनेजस्तो प्रतिपक्ष । दुई वर्षअघि अहिलेको प्रतिपक्ष सरकारको नेतृत्वमा थियो । त्यतिबेला यसले गरेका काम र बोलेको कुरा नेपाली सम्झनाले अहिले नै पक्कै बिर्सिएको छैन ।

भलै, नेकपा (एमाले(ले ‘गोयबल्स’ तरिकाले उल्टोपुल्टो चर्को आबाजमा संसद्लाई बन्दी बनाए पनि । वाणीको उच्चता बखान गर्ने ‘म किन बोल्छु’ लेखे पनि । व्यवहारमा ‘तुच्छता कि छुद्रता’ त देखिएकै छ । रास्वपा पनि यही बाटो अर्थात् एमाले बाटो हिड्ने सिको गर्न लागेको सुनियो ।

अनेकौं उदाहरणमध्ये - पशुपतिनाथको जलहरीमा हराएको ११ किलो सुन एउटा हो । संसद्मा कुरा उठ्यो । प्रतिप्रक्षी दलका नेता भए चिरिक्क । उनले आफ्नो नेतृत्वको सरकारले योजना र पैसा दिएको हो । जलहरी बनाउने र व्यवस्थापन गर्ने म होइन, अर्कै निकायको जिम्मा हो । तिनले के, कसो गरे ? छानबिन गरौं । दोषी खोजेर कारबाही गरौं । भन्नुको सटो एमाले सांसद्ले उर्दीअनुसार नै संसद् बैठक घेरे । संसद्, सरकार चल्नै नदिनेगरी व्यवधान गरे ।

अनि हरायो ११ किलो सुन । संसद्को रेकर्डबाट यो कुरा मेटाइयो त के यो पच्यो ? हराएको हरायै हुने हो ? संसद्सँग जबाफ छ ? यस्तो लज्जा प्रवृत्ति अन्त कहाँ खोज्ने ? यही जलहरी काण्ड सबै भए, गरेका आर्थिक अनियमितता छोप्ने माध्यम बन्यो । सबैको मिलेमतो भयो । भ्रष्ट मुखहरू ‘तैं चुप मै चुप’ । क्याबात् !

अन्त्यमा, नेपाली कांग्रेसका नेता सांसद विश्वप्रकाश शर्माको अस्ति व्यक्त विचार सबै माननीय सांसदको लागि मननीय हुने सुनियो । उनले संसद्मा गरिने अभिव्यक्ति मर्यादित, संयमित, सन्तुलित र गम्भीर एवं संस्कारी हुनुपर्ने बनाऊँ भन्ने भावको अभिव्यक्ति दिए । उनी वा कांग्रेसबाट निर्वाचित अधिक सांसद्ले यस्तै शैली पहिलेदेखि नै अपनाएको सुनिन्छन् । केही अध्ययनशील पनि छन् ।

संसदीय प्रणाली विरोधीरू पनि संसद्मै छन् । तिनले संसद्लाई बदनाम, प्रभावहीन र मैलो बनाउन भएजति शक्ति, स्रोत र पहुँच प्रयोग गर्दैछन्, गरेका छन् । गन्तव्यहीन, दृष्टिदोषी र अँध्यारोबाट बोकिएका विरोधीले गर्ने नै भए । लोकतान्त्रिक पद्धतिको विरोधी, संसदीय प्रणालीको विरोधी र संविधानकै विरोधीबाट संसद् र सांसद्लाई बचाउने कसले ? पद्धति विरुद्धको दुरुत्साहन रोक्ने कसले ? यो पनि वैचारिक र गरिमामय संसद्कै जिम्मा । मननीय, माननीय सांसदहरूकै जिम्मा ।

# प्रधानमन्त्री दाहालद्वारा लुम्बिनी केबलकार उद्‌घाटन

लुम्बिनी । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आइएमई समूहको लगानीमा निर्मित लुम्बिनी केबलकारको उद्धाटन गर्नुभएको छ । उहाँले बुटवलको गोलपार्क बमघाटमा रहेको बटम स्टेशनमा ताम्रपत्र अनावरण गरी केबलकारको औपचारिक थालिनी गर्नुभएको हो ।

बुटवल उपमहानगरपालिका- ३, गोलपार्क बमघाटदेखि पाल्पाको तिनाउ गाउँपालिका-३ वसन्तपुरसम्म करिब तीन किलोमिटर दूरीको सो केबलकार लुम्बिनी प्रदेशकै पहिलो केबलकार हो । लुम्बिनी केबलकारबाट पुग्न सकिने पाल्पाको वसन्तपुर कामाख्यादेवीको मन्दिरसहित भगवती मन्दिर, गणेश मन्दिर, कैलाश पर्वत, वरपीपल, ढुङ्गेधारा, पोखरी आदि संरचनाले भरिपूर्ण एउटा धार्मिक तथा उत्कृष्ट पर्यटकीय गन्तब्य बनेको छ ।

यसअघि यही जेठ १५ गते कामाख्या मन्दिरमा कामाख्या देवीको मूर्ति प्राणप्रतिष्ठा गरी पुजाआराधना सुरु गरिएको थियो । सप्ताहव्यापी पूजा आराधनामा भारत गुहावटी र नेपालका ११ पण्डितले धार्मिक प्रवचन दिनुभएको थियो । वसन्तपुरमा भारतको गुहावटीमा रहेको मन्दिरकै शैली र कलामा वसन्तपुरमा कामाख्या मन्दिर बनेको छ । कामाख्या मन्दिरको दर्शनले मनोकामना पूरा हुने र सांसारिक बन्धनबाट मुक्ति पाइने धार्मिक विश्वास रही आएको छ ।

यस अगाडि केबलकारको दैनिक सञ्चालनका लागि बुटवल उपमहानगरपालिका र तिनाउ गाउँपालिकासँग त्रिपक्षीय सम्झौता भइसकेको छ । सम्झौता अनुसार लुम्बिनी केबलकार प्रालिले प्रतिटिकट शुल्कको दुई प्रतिशत रकम ती दुई पालिकाका लागि छुट्याउने छ । आइएमई समूहले सञ्चालनमा ल्याएको यो तेस्रो केबलकार हो । यसअघि आइएमई समूहले काठमाडौँको चन्द्रागिरि र हालै नवलपुरको गैंडाकोटमा मौलाकालिका केबलकार सञ्चालनमा ल्याइसकेको छ ।

लुम्बिनी केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकालले लुम्बिनी केबलकार सञ्चालनले वसन्तपुरमा नयाँ धार्मिक र पर्यटकीय गन्तब्य थपिएको जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो ,“लुम्बिनी केबलकार संघीय सरकार, लुम्बिनी प्रदेश सरकार, स्थानीय सरकारसहित स्थानीय दाजुभाइ तथा दिदीबहिनीको सामूहिक प्रयासबाट प्राप्त माया, सद्भाव र सहयोगका कारण समयमै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन सफल भएको छौं । ”




रुपन्देही र पाल्पा जिल्ला जोड्ने यस पर्यटकीय पूर्वाधारले रुपन्देही, पाल्पा, नवपरासी र कपिलवस्तु जिल्ला र समग्र लुम्बिनी प्रदेशकै आर्थिक तथा सामाजिक रुपान्तरणमा टेवा पुऱ्याउने विश्वास गरिइएको छ । अध्यक्ष ढकालले रुपन्देहीलाई लुम्बिनी प्रदेशको आर्थिक राजधानी बनाउने यो प्रदेशका राजनीतिक नेतृत्व तथा आमजनताको चाहनालाई पूरा गर्न यो परियोजना कोशेढुङ्गा सावित हुने आशा लिएको बताउनुभयो ।

उहाँले केबलकार धार्मिक पर्यटन 'सर्किट' निर्माणको नयाँ अभियानको पनि घोषणा गर्नुभएको छ । यस सर्किटअन्तर्गत बुटवलको लुम्बिनी केबलकारबाट धार्मिक यात्रा सुरु गर्यौं भने यही बाटो हुँदै मौलाकाली, मुक्तिनाथ, मनकामना, चन्द्रागिरि, कालिञ्चोक हुँदै पाथिभरासम्म पुग्न सकिने अवस्था सिर्जना गर्न सकिने जानकारी दिनुभयो ।

लुम्बिनी केबलकार र रिसोर्टसहितको आयोजनाको कूल लागत करिब रु पाँच अर्ब छ । पहिलो चरणमा केबलकारमा रु डेढ अर्ब लगानी भएको छ । टप स्टेशनमा पर्यटकका लागि 'रेष्टुरेन्ट' बनिसकेका छन् भने होटल, बाल उद्यान, स्काईवाक, जीपलाइन निर्माणका क्रममा छन् । मोनोकेवल डिट्याचेबल सिस्टमका २५ गोन्डोला रहेको केबलकारले दैनिक छ हजार यात्रुलाई ओसारपसार गर्न सक्छ ।

बटम स्टेसन समुद्री सतहबाट दुई सय ३० मिटर र टप स्टेसन नौ सय ४० मिटरको उचाइमा रहेको जनाइएको छ । बटन स्टेशनबाट १० मिनेटको यात्रामै टप स्टेशनमा पुग्न सकिन्छ । खासगरी गर्मी मौसममा वसन्तपुर पुगेर शीतलता प्राप्त गर्न केबलकारले सजिलो माध्यम हुने अध्यक्ष ढकालले जानकारी दिनुभयो । केबलकार सञ्चालनमा आएसँगै 'टप स्टेशन'मा रु साढे तीन अर्ब लागतमा पाँचतारे होटललगायत संरचना निर्माण हुनेछन् ।रासस

# सडकको आधा बजेट प्रधानमन्त्री, अर्थमन्त्री र देउवाको जिल्लामा

**टुडे समाचारदाता**

काठमाण्डु । प्रभावशाली नेताहरुको जिल्ला र निर्वाचन क्षेत्रका सडकमा बजेट छर्ने एउटा कार्यक्रम छ, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम ।

आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालय अन्तर्गत यो कार्यक्रम राखेर बजेट छुट्याएको छ भने प्रदेशमा दिएको सशर्त अनुदानमा पनि यो कार्यक्रम घुसाइएको छ ।

यो कार्यक्रमका लागि भौतिक पूर्वाधार मन्त्रालयमा मात्र ५ अर्ब २० करोड ५७ लाख रुपैयाँ छुट्याइएको छ । तर यो रकमको झण्डै आधा रकम तीन नेता प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको चुनाव क्षेत्र भएको गोरखा, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको गृह जिल्ला डडेलधुरा र अर्थमन्त्री डा. प्रकाशशरण महतको गृह जिल्ला नवाकोट गरी तीन जिल्लाका सडक आयोजनामा पारिएको छ ।

मन्त्रालय स्रोतबाट प्राप्त विवरण अनुसार वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम शीर्षक अन्तर्गत ५ अर्बको कूल रकममध्ये तीन वटा जिल्लामा २३२ करोड र बाँकी ७४ जिल्लामा २६८ करोड रकम छुट्याइएको छ ।

सबभन्दा बढी रकम कांग्रेस सभापति देउवाको गृह जिल्ला डडेलधुराको सडकहरुमा एक अर्ब १० करोड रुपैयाँ बजेट परेको छ । वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रममा डडेलधुराका ८ वटा आयोजना छनोटमा परेका छन् । र, एउटै योजनामा १० करोडदेखि ३० करोडसम्म रकम छुट्याइएको छ ।

डडेल्धुराको दैजी लिप्ना जोगबुडा सडकका लागि ३० करोड छुट्याएका अर्थमन्त्री डा. महतले भत्काडा बडाल रेल सडक डडेलधुराका लागि १५ करोड र जोगबुडा सिर्स रुफ्कलाल सडकका लागि १० करोड रकम छुट्याएको पाइएको छ ।

अर्थमन्त्री डा. महतले आफ्नो गृहजिल्ला नुवाकोटका २१ वटा सडकलाई वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत राखेर ६७ करोड रकम विनियोजन गरेका छन् । २१ वटै योजनामा एक करोड भन्दा कम रकम छुट्याइएको छैन । तीन करोड, पाँच करोड, सात करोडका योजना छन् । तीनपिप्ले कुमारी फाँटपौवा बेलकोटगढी सडकका लागि १० करोड छुट्याइएको छ । ठाँटीभञ्ज्याङ पुरानीडाँडा, बाहुन डाँडा कार्यालय हुँदै गोल्फु भञ्ज्याङ सडकका लागि १० करोड रुपैयाँ छुट्याइएको छ ।

प्रधानमन्त्री प्रचण्डको निर्वाचन क्षेत्रसमेत भएको जिल्ला गोरखामा वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत सबभन्दा धेरै ४१ वटा योजना पारिएको छ ।

३०-४० लाखदेखि ५ करोडसम्मका गरी ४१ वटा योजनाका लागि ५५ करोड रकम छुट्याइएको छ । बुटार मकैसिङ साँधीखोला सडकका लागि ३० लाख, नाम्जुङ घैरुङ फुजेल सडक कालोपत्रे शहीद लखन सडकका लागि ४० लाख छुट्याइएको छ ।

यसमा शहरी विकास मन्त्रालय र प्रदेशमा सशर्त अनुदान अन्तर्गत गएका बजेट जोड्न बाँकी छ ।

सडक विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षमा २४ लाखदेखि ८ करोडसम्मका करिव ८०० आयोजना छन् । कुनै पनि आयोजनामा डीपीआर बनाएर योजनावद्ध काम भएको छैन । जति बजेट पर्छ, त्यो खर्च गर्ने काम मात्र हुने गरेको छ । 'मन्त्रालयको नेतृत्वमा बस्ने, पहुँचवाला नेता र सांसदको क्षेत्रका सडकमा बजेट छर्ने कार्यक्रम हो', एक अधिकारी भन्छन्, दिगो हुने कुरै भएन ।'

चालु आर्थिक वर्षमा जनता समाजवादी पार्टी (जसपा)का रेणु यादव भौतिक योजना मन्त्री थिइन्, उनले आफूसँगै अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र पर्ने सप्तरीका धेरै सडक राखिन् । केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा भौतिक पूर्वाधारमन्त्री रहेका बसन्त नेम्वाङले पाँचथरका साथै झापामा बढी बजेट छेरका थिए ।

यो पटक बजेट छर्ने क्रम झन बढेको छ । अर्थ मन्त्रालयका अधिकारीहरुका अनुसार नयाँ र पुराना गरी आगामी आर्थिक वर्षमा करिव १८०० सडक आयोजनामा बजेट परेको छ । सडक विभागले ४ हजार ५०० सडक आयोजनाको प्रारम्भिक लिस्ट बनाएको थियो । त्यसमध्ये भौतिक पूर्बाधार मन्त्रालयले करिव १६०० सडक आयोजना छनोट गरेर अर्थ मन्त्रालय पठायो । मन्त्रालयले थपघट गरेर चालु ८०० र नयाँ करिव २०० सडक आयोजना राख्यो ।

यस्तै शहरी विकास अन्तर्गत पनि वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम राखिएको छ भने केही सडक आयोजना प्रदेशहरुमा गएको सशर्त अनुदानमा राखिएको छ । सम्बन्धित मन्त्रालयबाट आएको लिस्टमा अर्थ मन्त्रालयले छानिछानी राख्ने र काट्ने क्रममा अर्थमन्त्रीले मनोमानी गरेका हुन् ।

भौतिक पूर्वाधार मन्त्रालयका एक अधिकारीका अनुसार डडेलधुरा, नुवाकोट र गोरखाका सडक आयोजना र त्यसका रकमहरु अर्थ मन्त्रालयबाटै आफूखुशी थपिएको हो । 'स्रोतको दबाव छ भनेपछि हामीले सिलिङभित्र रहेर देशभर सन्तुलित रुपमा वितरण गर्ने गरी प्रस्ताव गरेका थियौं', ती अधिकारी भन्छन्, 'तर अर्थ मन्त्रालयले केही नेताको क्षेत्रमा आफूखुसी कार्यक्रम थप गरेको रहेछ ।'रासस

# प्रतिनिधि सभाको शून्य समयमा कसले के भने ?

**टुडे समाचारदाता**

काठमाण्डु । सांसदले तराई-मधेशमा केही दिनयता चर्को गर्मीले जीवन कष्टकर भएको जनाउँदै आवश्यक राहतका लागि सरकारको ध्यानाकर्षण गराएका छन् ।



प्रतिनिधि सभाको बिहीबारको बैठकको शून्य समयमा सांसद निर्मला कोइरालाले तराई-मधेसका जिल्लामा गर्मीका कारण लु चलेको र जीवन कष्टकर भएको अवस्थामा विद्युत आपूर्ति नियमित नहुँदा जनजीवन झन कठिनाइ भएकाले विद्युत नियमित आपूर्तिका लागि सरकारको ध्यनाकर्षण गराइन् ।

सांसद प्रदीप पौडेलले देशभर तापक्रम वृद्धि भएर ४४ डिग्री सेल्यिस पुगेको र जनजीवन कष्टकर भएको तथा कृषि क्षेत्रमा असर पुगेको अवस्थामा तत्कालीन र दीर्घकालीन सामाधानका आवश्यक उपायका बारेमा सरकारसँग माग गरे ।

सांसद नारायणी शर्माले दाङको सीमा नाका क्षेत्रका बासिन्दाका लागि खानेपानी शिक्षा स्वास्थ्यको व्यवस्था गर्न सरकारसँग गरिन् । सांसद निशा डाँगीले बागमतीका नाममा धेरै राजनीति भएको सरसफाइका नाममा करिब २२ अर्ब रुपैयाँ खर्च भइसकेको तर अझै प्रभावकारी काम नभएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद प्रतिक्षा तिवारीले बागमती अधिकार सम्पन्न समितिलाई बागमती सभ्यता सुधारका ०.५ प्रतिशत कर रकम उठाइँदै आएको करिब सात अर्बभन्दा बढी रकम जम्मा भइरहेको अवस्थामा त्यसको प्रभावकारी उपयोग गर्न आग्रह गरिन् । सांसद प्रभु साहले किसानका बालीनाली जङ्गली जनावरले नास गर्ने गरेको अवस्थामा आवश्यक क्षतिपूर्ति नपाएको जनाउँदै सरकारको ध्यानाकर्षण गराए ।

सांसद प्रेम सुवालले मुलुकका ठूला जलविद्युत आयोजना निर्माणको जिम्मा विदेशीलाई नदिइ नेपाल सरकार आफैंले बनाउनुपर्नेमा सरकारको ध्यानाकर्षणगराए।सांसदवसन्तकुमार नेम्वाङले मुलुभर गाईबस्तुमा महामारी रोग फैलिएको भन्दै रोग नियन्त्रण तथा समाधानका लागि सरकारको ध्यानाकर्षण गराए ।

सांसद बीना देवीले रौतहटमा रहेको चिनी मिल बन्द भएको जनाउँदै शीघ्र सञ्चालनका लागि माग गरिन् । सांसद विनिता कठायतले पोर्चुगलमा रहेको नेपालीले नेपाली दूतावास स्थापनाको माग गरेको भन्दै सरकारको ध्यानाकर्षण गराइन् ।

# रविले मागे माफी

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति र सांसद रवि लामिछानेले संसदीय मर्यादामा आँच आउने गरी भएको बहसका लागि माफी मागेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा आगामी आर्थिक वर्षको बजेटमाथि छलफलमा सहभागी हुने क्रममा लामिछानेले संसदीय मर्यादाको ख्याल गर्न सबैलाई आग्रह गरेका हुन् ।

प्रतिनिधिसभाको जेठ २२ को बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई भारत भ्रमणको विषयमा प्रश्न सोध्ने क्रममा रास्वपाका सांसद शिशिर खनालले संसदीय मर्यादाविपरीतको शब्द बोलेका थिए । उनले प्रधानमन्त्री भारतबाट प्लेन चढेर पोखरा विमानस्थलमा अवतरण नगरी 'प्रधानमन्त्री भैंसी चढेर पो आउनु भो' भन्ने बोलेका थिए । उक्त शब्दलाई सभामुख देवराज घिमिरेले संसद्को रेकर्डबाट हटाउन लगाएका थिए ।

सोही कुरातर्फ इंगित गर्दै सभापति लामिछानेले आफ्नो पार्टीको तर्फबाट भएका त्यस्ता अभिव्यक्तिका लागि माफी मागेका हुन्। 'संसद्को मर्यादा राख्न चुकिरहेका त छैनौं ! यसमा ध्यानाकर्षण गराउन चाहन्छु । हामी नयाँ राजनीतिक दलका हिसाबमा चाहे ती हाम्रा पक्षबाट आएका विषय हुन् त्यसप्रति हामी कहीँ न कहीँ लज्जित भएका छौं,' उनले भने, 'यो सदन भैंसी, राँगाको विषयमा गफ गरेर पाँच वर्ष बिताउने हो भने हामीले गोबरबाहेक केही पनि प्राप्त गर्न सक्दैनौं ।'

लामिछानेले ती अभिव्यक्तिप्रति आत्मआलोचना गर्न चाहेको बताए । 'बजेट र राष्ट्रका महत्त्वपूर्ण विषयमा कुरा गरिरहँदा, आम सर्वसाधारणमा संसद्बाट राम्रो सन्देश गएको छैन । म आफ्नो भागमा परेको जुन दुःख छ जिम्मेवार हुन चाहन्छु । केही दिनअघि भएका कुरा अमर्यादित भएकोमा क्षमा चाहन्छु,' उनले भने । राँगा र भैंसीका बहस संसद्मा गर्ने हो भने नागरिकमा निराशा छाउने लामिछानेको भनाइ थियो । त्यसरी नै बहस गरिरहने हो भने पाँच वर्षपछि जनतामा मुख देखाउन नसकिने उनले बताए ।

# बजेटले राष्ट्रको अठोट पूरा गर्ने लक्ष्य बोकको छ : सांसद घर्ती

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)का सांसद पूर्णबहादुर घर्तीले आर्थिक वर्ष २०८०/८१ को बजेटले राष्ट्रको अठोट पूरा गर्ने लक्ष्य बोकको दाबी गर्नुभएको छ ।

प्रतिनिधिसभाको बैठकमा आगामी आवको राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिँदै आज उहाँले बजेटको प्रभावकारी कार्यान्वयमा जोड दिनुभयो ।

उहाँले बजेटमा राज्यलाई अपरिहार्य नभएका २० समिति, संस्थान खारेज गर्ने वा गाभ्ने व्यवस्था कार्यान्वयन सहज नभएको र यसमा चुनौती रहेकाले सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । सांसद घर्तीले प्रभावकारी नेता र मन्त्रीका निर्वाचन क्षेत्रमा बजेटले प्राथमिकता दिने पुरानै प्रवृति देखिएको टिप्पणी गर्नुभयो । साथै उहाँले मलुकको आवश्यकतालाई ध्यान दिई व्यावासायिक उत्पादनमा जोड दिनुपर्ने सुझाव दिनुभयो ।

उहाँले किसानले समयमा मल बीउ नपाउने पुरानै अवस्था कायम हुनु दुर्भाग्य भएको बताउनुभयो । हालको प्रतिनिधिसभामा नयाँ र पुराना जनप्रतिनिधि रहेपनि यस थलोमा जीवन व्यवहार भने नयाँ हुन नसकेको उहाँको भनाइ थियो । घर्तीले सबै दलले जनतामा छाएको निराशा हटाइ आशा जगाउनुपर्ने धारणा व्यक्त गर्नुभयो । रासस

# कृषि अनुदानमा करोडौं हिनामिना भएको सांसद सिंहको आरोप

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद दीपकबहादुर सिंहले कृषि अनुदानमा हिनामिना भएको आरोप लगाएका छन् । बिहीबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सिंहले कृषि अनुदानमा करोडौं अनियमितता भएको बताए ।

सबै किसिमका कृषि अनुदान संसदमा पेस हुनुपर्ने माग गर्दै उनले भने, 'कृषि अनुदान चाहे सरकारको होस् वा विदेशी दातृ निकायको होस् सम्पूर्ण अनुदान यहाँ पेस होस्,' उनले भने ।

**सबै किसिमका कृषि अनुदान संसदमा पेस हुनुपर्ने माग गर्दै उनले भने, 'कृषि अनुदान चाहे सरकारको होस् वा विदेशी दातृ निकायको होस् सम्पूर्ण अनुदान यहाँ पेस होस्,'**

पहुँचका आधारमा अनुदान वितरण हुने गरेकाले अनियमितता भएको उनले बताए । 'त्यो अनुदान दुरुपयोग भइराखेको छ । प्रदेश सरकारका मन्त्री, नातागोता र हामी माननीयहररूबाट पनि त्यो अनुदान आफ्नो फर्मबाट करोडौं हिनामिना भएको छ,' उनले भने, 'त्यसको उचित जाँच हो । बिहीबारको बैठकमा शून्य समयपछि बजेटमाथि छलफल हुने कार्यसूची छ ।


## धितोमा रहेको सम्पती लिलाम बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०२/२६ गते शुक्रवार)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले लहान शाखावाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्वन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्वन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०७९/१०/०४ गते राजधानी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दै दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण वापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्वधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा वैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा विक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्वन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई वैक तथा वित्तीय संस्था सम्वन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ ।

तपशिल

**ऋणी संस्थाको नाम : श्री सुविधा कृषि सहकारी संस्था लिमिटेड । रजिष्टर्ड ठेगाना : तुलसिपुर-५, सिराहा । दर्ता नं.:४०१/०७२।७३**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) **नाम : रन्जु कुमारी यादव (अध्यक्ष)**
वाबु : सत्येन्द्र प्रसाद यादव
वाजे : अवध यादव
पति : जिवछ यादव
ना प्र नं. : १५१०४३/४८९, सिराहा
ठेगाना : तुलसिपुर ५, सिराहा

२) **नाम : राम गणेश यादव (सचिव)**
वाबु : राज देव यादव
वाजे : गुरु देव यादव
ना.प्र.नं : १५१०४३/५२१० सिराहा
ठेगाना : तुलसिपुर ५, सिराहा

३) **नाम : दिनेश कुमार यादव (संचालक)**
वाबु : राजीव यादव
वाजे : महावीर यादव
ना.प्र.नं : १५-०१-६९-०३९३०, सिराहा
ठेगाना : तुलसिपुर ५, सिराहा

४) **नाम : उषा कुमारी यादव (कोषाध्यक्ष)**
वाबु : रघुवंश यादव
वाजे : महाविर यादव
पति : शत्रुहन यादव
ना.प्र.नं : ५२, सिराहा
ठेगाना : तुलसिपुर ४, सिराहा

५) **नाम : महेन्द्र प्रसाद यादव (उपाध्यक्ष)**
वाबु : सौखी यादव
वाजे : धनराज यादव
ना.प्र.नं : ८७२१-१८८७, सिरहा
ठेगाना : तुलसिपुर ५, सिराहा

६) **नाम : नगीना कुमारी यादव (संचालक)**
वाबु : कारी यादव
वाजे : शिव नन्दन यादव
पति : कारीचन्द्र यादव
ना.प्र.नं : १५-०१-७५-०२०५५, सिराहा
ठेगाना : औरही २, सिराहा

७) **नाम : दुर्गा कुमारी यादव (संचालक)**
वाबु : यदुनन्दन यादव
वाजे : हरेराम यादव
पति : शैलेन्द्र कुमार यादव
ना.प्र.नं : १५-०१-७१-०७७१६,सिराहा
ठेगाना : तुलसिपुर ४, सिराहा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**


१. श्री मोती मियाँको बुहारी श्री गफुर मियाँको श्रीमती सिराहा जिल्ला तुलसिपुर गा.वि.स. वडा नं. २ बस्ने **श्री मानो खातुन**को नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला कविलासी गा.वि.स. वडा नं. ८ख को कित्ता नं. २७२, २७४, २७६ र ३०१५ को क्षेत्रफल ०-१-१०-०, ०-१-१०-०, ०-१-१-० र ०-२-९-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री छटु यादवको नाति श्री रघुनन्दन यादवको छोरा सिराहा जिलला विधानगर गा.वि.स. वडा नं. ७ बस्ने **श्री जगेश्वर यादव**को नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला विद्यानगर गा.वि.स. वडा नं. ७ को कित्ता नं. ३०१२ र ३०१३ को क्षेत्रफल ०-१-१४-११ र ०-१-१४-११ जग्गा र सो जग्गा ले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) वोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय लहान रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) वोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) वोलपत्रमा आफुले कवोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** कुपण्डोल, ललितपुरमा रहेको खाता नं. **००१०००१४८६६०००० १** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लहान शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) वोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) वोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको वोलपत्र स्वत: रद्द हुनेछ ।
(८) वोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्वन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) वोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा व्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

# मैले युरोप छाडे, अब मियामी जानेछु : मेस्सी




**एजेन्सी**

काठमाण्डु । फ्रेन्च च्याम्पियन पेरिस सेन्ट जर्मेनबाट बाहिरिएपछि अर्जेन्टिनाका लिजेण्ड लियोनल मेस्सी अमेरिकी क्लब इन्टर मियामी जाने भएका छन् ।

३५ वर्षीय मेस्सीलाई साउदी अरेबियाको पक्ष अल हिलालबाट थप आकर्षक प्रस्ताव थियो जबकि फाइनान्सियल फेयर प्ले सीमितताका कारण बार्सिलोना फर्कन असम्भव भयो।

'मैले युरोप छोड्ने निर्णय गरे,' मेस्सीले अखबार डायरियो स्पोर्ट र मुन्डो डेपोर्टिभोलाई भने, 'मैले मियामी जाने निर्णय लिएको छु।'

'विश्वकप जितिसकेपछि र बार्सिलोनामा जान नसकेपछि फुटबललाई फरक तरिकामा बाँच्न र मेरो दैनिक जीवनको मजा लिने समय हो, उनले अगाडि भने, ' अबको खेल स्पष्ट रूपमा उही जिम्मेवारी र जित्ने चाहनाको साथ, राम्रोसँग गर्न, तर थप शान्तसँग।'

पूर्व बार्सिलोना फरवार्ड यस गर्मीमा क्याटालान क्लबमा फर्कन उत्सुक थिए तर ला लिगामा अर्को सिजनको लागि लाग्ने एफएफपी सीमितताहरूले उनलाई फिर्ता ल्याउन कुनै पनि महत्वाकांक्षी योजना बनाएनन् ।

उनले थपे 'यो सत्य हो कि मलाई अर्को युरोपेली टोलीबाट अफर आएको थियो तर मैले योबारे सोचेको पनि थिइन् किनभने युरोपमा मेरो विचार बार्सिलोना फर्कने मात्र थियो तर त्यो सम्भवः भएन ।' मेस्सी स्पेनिस क्लब बार्सिलोनावाट २०२१ मा पिएसजी आएका थिए ।

**मेसी अमेरिकन क्लब इन्टर मियामी जाने**

फ्रेञ्च च्याम्पियन पिएसजीसँगको सम्झौता सकिएपछि अर्को क्लबको खोजीमा रहेका अर्जेन्टाइन फरवार्ड लिओनल मेसी अमेरिकी क्लब इन्टर मियामी जाने भएका छन्।

बार्सिलोनाका पूर्वखेलाडी मेसी साउदी अरेबियाको अल-हिलालको आकर्षक प्रस्ताव अस्वीकार गर्ने तयारीमा समेत रहेको बिबिसीले उल्लेख गरेको छ। मियामी सम्झौतामा एडिडास र एप्पल जस्ता ब्रान्डहरूको सहयोग समावेश छ। ३५ वर्षीय मेसीले सात पटक विश्वको सर्वोत्कृष्ट खेलाडीको अवार्ड जितेका छन्। गत वर्ष विश्वकपको उपाधिपछि वर्षको अन्त्यमा अर्को अवार्ड जित्ने अपेक्षा गरिएको छ । उनी अर्को सिजनको लागि युरोपमा रहन चाहन्थे तर, सन्तोषजनक प्रस्तावहरू प्राप्त नभएपछि उनीसँग इन्टर मियामी वा अल-हिलाल बीच छनोट थियो। उनी साउदी अरेबियामा जाने बताइएको थियो, जहाँ उनी क्रिस्टियानो रोनाल्डो र करिम बेन्जेमाजस्ता खेलाडीसँग आमनेसामने हुन्थे। तर मेसी अन्ततः मेजर लिग सकर (एमएलएस) को क्लब इन्टर मियामीमा फुटबलभन्दा बाहिर फैलिएको ठूला ब्रान्डहरूसँगको सम्झौतालगायत विभिन्न कारणले त्यहाँ आकर्षित भए।

उनी बार्सिलोना फर्कन उत्सुक थिए, तर ला लिगामा अर्को सिजनको लागि हुने फाइनान्सियल फेयर प्ले सीमितताहरूले उनलाई आकर्षक पैसा दिएर भित्र्याउन कठिन देखिएको थियो। पिएसजीमा दुवै सिजनमा लिग वान जितेका मेसीलाई पिएसजीबाट च्याम्पियन्स लिगमा भने सफलता मिलेन। उनले पिएसजीका लागि ७५ खेलमा ३२ गोल गरेर।

क्लबको आर्थिक समस्याका कारण २१ वर्षपछि उनले २०२१ मा बार्सिलोना छोडेका थिए। मेसीले बार्सिलोनाका ६७२ गोल गरी १० ला लिगा उपाधि, चार च्याम्पियन्स लिग र सात स्पेनिस कप जितेका थिए।

# नेपालका प्रशिक्षक देसाइ दक्षिण अफ्रिका प्रस्थान



**टुडे समाचारदाता**

काठमाण्डु । भिसा प्राप्त गर्न ढिलाइ भएपछि नेपाली राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक मोन्टी देसाइ बिहीबार मात्र दक्षिण अफ्रिका गएका छन्।

सुरुमा अमेरिकाबाट दक्षिण अफ्रिकाको भिसाको प्रक्रिया अघि बढाएका देसाइले त्यहाँबाट भिसा पाउन सकेका थिएनन्। त्यसपछि भारत आएर उनले भिसा प्रक्रिया अघि बढाएका थिए। क्यानका अनुसार उनले बुधबार मात्र भिसा प्राप्त गरेका थिए। लगत्तै उनी भारतबाट दक्षिण अफ्रिका प्रस्थान गरेका छन्।

एक साताअघि नेपाली टिम प्रशिक्षक देसाइ र स्पिनर सन्दीप लामिछानेबिना एकदिवसीय विश्वकप छनोटको तयारी गर्न दक्षिण अफ्रिका गएको थियो।

नाबालिक बलात्कारको आरोप लागेका सन्दीप कानुनी प्रक्रिया मिलेपछि केही दिनअघि दक्षिण अफ्रिका गएका थिए। दक्षिण अफ्रिकामा नेपालले आज स्कटल्यान्डसँग अभ्यास खेल खेल्दैछ। यसपछि नेपालले नेदरल्यान्ड्ससँग अभ्यास खेल खेल्नेछ। जिम्बावेमा आगामी महिना हुने आइसिसी क्रिकेट विश्वकप छनोट प्रतियोगिताको तयारी गर्न एक सातादेखि दक्षिण अफ्रिकामा छ। नेपाली टिम प्रतियोगिताका लागि चार दिनपछि दक्षिण अफ्रिकाबाटै जिम्बावे पुग्नेछ। जिम्बावे पुगेपछि नेपालले ओमान र युएईसँग वार्मअप खेल खेल्नेछ।

१० टिमले भाग लिने प्रतियोगितामा नेपाल समूह 'ए' मा छ। समूहमा नेपालसहित, दुई पटकको विश्व विजेता वेस्ट इन्डिज, आयोजक जिम्बावे, नेदरल्यान्ड्स र अमेरिका छन्। समूह 'बी' मा श्रीलंका, आयरल्यान्ड, स्कटल्यान्ड, ओमान र युएई रहेका छन्।

नेपालले आफ्नो पहिलो खेल १८ जुनमा (असार ३) आयोजक जिम्बावेसँग खेल्नेछ। यस्तै नेपालले २० जुनमा (असार ५) अमेरिका, २२ जुनमा वेस्ट इन्डिज (असार ७) र २४ जुनमा (असार ९) नेदरल्यान्ड्ससँग खेल्नेछ।

पाँच-पाँच टिमको दुई समूहका लिग खेलपछि सुपर सिक्स हुनेछ। सुपर सिक्समा दुवै समूहका शीर्ष तीन-तीन टिम पुग्नेछन्। सुपर सिक्समा एक समूहका तीन टिमले अर्को समूहका तीन टिमसँग खेल्नेछन्। जहाँ शीर्ष दुईमा पर्न सक्ने टिम आगामी अक्टोबर-नोभेम्बरमा भारतमा हुने आइसिसी विश्वकप क्रिकेटमा छनोट हुनेछन्।

**विश्वकप छनोटका लागि नेपाली टिम**

कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, रोहित पौडेल (कप्तान), कुशल मल्ल, आरिफ शेख, दिपेन्द्रसिंह ऐरी, गुल्सन झा, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, भीम सार्की, ललित राजवंशी, प्रतिश जिसी, अर्जुन साउद, किशोर महतो ।

# 'महासागर जापानको निजी ढल होइन'

**सिन्ह्वा**

बेइजिङ । चीनले समुद्र र महासागर जापानका निजी ढल नभई मानवजातिको साझा सम्पत्ति हुन् भन्दै आणविक केन्द्रको प्रदूषित पानी समुद्रमा विसर्जन गर्नु टोकियोको ' अत्यधिक स्वार्थी र गैरजिम्मेवार पूर्ण काम' भएको टिप्पणी गरेको छ ।

महासागर र समुद्रमा 'रेडियोएक्टिभ' तत्वले प्रदूषित पानी बिसर्जन गर्ने जापानको गैरजिम्मेवारीपूर्ण कामबारे बेइजिङमा बुधबार भएको नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले उक्त टिप्पणी गरेका हुन् ।



जापान सरकारले फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रबाट निष्कने प्रदूषित पानी हानिरहित भएको दाबी गर्दै त्यसलाई समुद्रमा विसर्जन गर्नु न्यायोचित भएको गर्दै त्यसलाई एकमात्र विकल्प भन्दै आएको छ तर तथ्यहरूले अन्यथा प्रमाणित गरेको उनले बताए ।

जापानी मिडियाका अनुसार टोकियो इलेक्ट्रिक पावर कम्पनीद्वारा हालै जारी गरिएको एक प्रतिवेदनमा फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्रबाट निष्काशन हुनने पानी जापानको खाद्य सुरक्षा कानुनमा तोकिएकोस्तरभन्दा अधिक रहेको उल्लेख छ। "अन्तर्राष्ट्रिय समुदायमा धेरैले यो प्रश्न सोधिरहेका छन्, यदि आणविक केन्द्रबाट दूषित पानी जापानले भनेजस्तै सुरक्षित थियो भने उसले किन त्यसलाई आफ्नै देशका तालतलैयामा नछाडेर सुरुङमार्गमार्फत समुद्रमा किन विसर्जन गरेको हो ?" प्रवक्ता वाङले प्रतिप्रश्न गर्दै जापानले सुमद्रलाई निजी ढलका रुपमा प्रयोग गरेको बताए। सस्तो विकल्प रोज्दा त्यस गरिएको उनको आशय थियो ।

# एसीसी वुमन्स टी-२० इमर्जिङ एसिया कप नेपालले भारत र पाकिस्तानसँग खेल्ने




**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले एसीसी वुमन्स टी-२० इमर्जिङ टिम्स एसिया कप खेल्न पाउने भएको छ। थाइल्याण्ड उक्त प्रतियोगितामा सहभागी हुन नपाउँदा नेपालले यो अवसर पाएको हो ।

जुन १२ अर्थात जेठ २९ गतेबाट सुरु हुने प्रतियोगिताका लागि निकै थोरै समय बाँकी भएको र भिसाको समस्या नभएको खण्डमा नेपालले पूर्ण सदस्यीय राष्ट्रहरुसँग खेल्ने मौका पाउनेछ। उक्त प्रतियोगितामा भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाले आफ्नो 'ए' टिमलाई यस प्रतियोगितामा पठाउनेछन्।

प्रतियोगिता १२ जुन देखि २१ जुनसम्म हङकङमा हुँदैछ । थाइल्यान्डले भिसा समस्याका कारण बताएर नाम फिर्ता लिए पछि नेपालले खेल्ने अवसर पाएको हो। 'थाईल्यान्डले नखेल्ने भयो। उनीहरुको भिसाको समस्या भन्ने सुन्नमा आएको थियो तर ठ्याक्कै यही भन्ने चाँहि थाहा छैन । क्यानले यस प्रतियोगिताका लागि तयार छ।' क्यानका कार्यकारी सचिव दुर्गाराज पाठकले भने ।

'हामीले खेलाडीको भिसाका लागि प्रक्रिया सुरु गरिसकेका छौं । भिसा आएको खण्डमा हामी शनिबार वा आइतबार त्यसतर्फ जान्छौं।' नेपालले टिकट भने आफ्नो खर्चमा जाने उनले बताए। 'टिकटहरु हामीले नै काट्नुपर्छ। ३०-३५ लाख खर्च आउँछ। हामी खर्चका लागि तयार छौं। हामी भिसाको प्रतिक्षामा छौं।' पाठकले भने ।

आइतबार मात्र मलेसियासँग द्विपक्षीय टी-२० सिरिज खेलेर नेपाल फर्किएको नेपाली महिला टोलीलाई आफ्नो स्तर र क्षमता प्रदर्शनका रुपमा यो प्रतियोगिता ठूलो अवसर हो । समूह 'ए' मा नेपाल, हङकङ, भारत र पाकिस्तानको ए टोली हुनेछन्। समूह बीमा बंगलादेश, मलेसिया, श्रीलंका र दुबई हुनेछन् ।

नेपालले पहिलो खेल १३ जुनमा पाकिस्तानसँग खेल्नेछ भने दोस्रो खेल १५ जुनमा भारतसँग खेल्नेछ । यस्तै १७ जुनमा घरेलु टोली हङकङसँग प्रतिस्पर्धा गर्नेछ। उक्त प्रतियोगिता हङकङको मिसन रोड मैदान कोलुनमा हुनेछ।

# सन्न्यास फिर्ता लिएर टोलीमा फर्किए अलराउन्डर मोइन अली

**एजेन्सी**



काठमाण्डु । इङ्ल्यान्डका प्रभावशाली क्रिकेटर मोइन अली आफ्नो सन्न्यास फिर्ता लिएर पुनः राष्ट्रिय टेस्ट टोलीमा फर्किएका छन् । उनलाई अस्ट्रेलियाविरुद्धको एसेस टेस्ट शृंखलाका लागि इङ्ल्यान्डको टोलीमा समावेश गरिएको हो ।

३५ वर्षीय मोइन अलीले सन् २०२१ को सेप्टेम्बरमा टेस्ट क्रिकेटबाट सन्यासको घोषणा गरेका थिए । उनले त्यतिबेला भएको इङ्ल्यान्ड र भारतबीचको टेस्ट शृंखलालगत्तै टेस्ट क्रिकेटबाट सन्यास लिएका थिए । त्यसयता उनले पहिलो श्रेणीको क्रिकेट खेलेका छैनन् । अस्ट्रेलियाविरुद्धको एसेस शृंखलाका लागि मोइन अलीलाई स्पिनर ज्याक लिचको स्थानमा टोलीमा समावेश गरिएको हो । ज्याक लिच भने स्वास्थ्य समस्याका कारण एसेस शृंखलाबाट बाहिरिएका हुन् । इङ्ल्यान्डका प्रशिक्षक ब्रेन्डन म्याककुलुम र कप्तान बेन स्टोक्ससँग लामो समय छलफल गरेपछि मोइन अलीले आफ्नो सन्न्यास फिर्ता लिएका हुन् ।

अलराउन्डर मोइन अलीले इङ्ल्यान्डका लागि हालसम्म ६४ टेस्ट खेलेर कुल दुई हजार नौ सय १४ रन बनाएका छन् । उनले इङ्ल्यान्डका लागि टेस्ट क्रिकेटमा एक सय ९५ विकेट पनि लिएका छन् । अस्ट्रेलियाविरुद्धको टेस्टमा भने अफ स्पिनर मोइन अलीको प्रदर्शन मिश्रित छ । अस्ट्रेलियाविरुद्ध ११ वटा टेस्ट खेल्दै उनले २० विकेट लिएका छन् । उनले अस्ट्रेलियाविरुद्धको टेस्ट क्रिकेटमा २५.०५ को औसतले कुल चार सय ७६ रन बनाएका छन् ।

# वेस्ट ह्यामलाई ४३ वर्षपछि मुख्य उपाधि

**एजेन्सी**




काठमाण्डु । इंग्लिस क्लब वेस्ट ह्यामले युरोपा कन्फरेन्स लिगको उपाधि जितेको छ। बुधबार राति भएको उपाधि भिडन्तमा इटालियन क्लब फिओरेन्टिनालाई २-१ गोलले पराजित गर्दै वेस्ट ह्याम युरोपा कन्फरेन्स लिग च्याम्पियन बनेको हो।

खेलको ६२ मिनेटमा बेन्राम्माको पेनाल्टी गोलबाट वेस्ट ह्यामले अग्रता लियो। बोनाभेन्टुराले ६७ मिनेटमा फिओरेन्टिनाका लागि बराबरी गोल फर्काए। खेलको अन्तिम मिनेटमा बोओनले गोल गरेपछि वेस्ट ह्यामले जित निकाल्यो।

वेस्ट ह्यामले ४३ वर्षपछि मुख्य उपाधि जित्न सफल भएको हो। पछिल्लो पटक उसले १९८० मा एफए कप जितेको थियो। जितसँगै वेस्ट ह्याम युरोपा लिगका लागि समेत छनोट भएको छ।

# सडक दुर्घटनामा चौविस यात्रीको मृत्यु

**सिन्ह्वा**

अफगानिस्ताना।अफगानिस्तानको उत्तरी सारी पुल प्रान्तमा बुधबार भएको सडक दुर्घटनामा २४ जनाको मृत्यु भएको छ।

एउटा मिनीबस खाल्डोमा खस्दा २४ यात्रुको मृत्यु हुनुका साथै अन्य घाइते भएका प्रान्तीय प्रहरी प्रवक्ता दिन मोहम्मद नाजारीले बिहीबार जानकारी दिएका हुन् । चालकको लापरबाहीका कारण बुधबार साँझ सयद जिल्लामा भएको उक्त दुर्घटनामा १२ जना महिला, आठ बालबालिका र चार जना पुरुषले ज्यान गुमाएका प्रवक्ता नाजारीले बताए । दुर्घटनामा गम्भीर घाइते भएकी एक महिलालाई नजिकैको स्वास्थ्य केन्द्र पुऱ्याइएको छ।

युद्धग्रस्त अफगानिस्तानमा बुधबार भइको यो दोस्रो सडक दुर्घटना हो । यसअघि बुधबार बिहान मध्य बामियान प्रान्तमा भएको सडक दुर्घटनामा १४ यात्रु घाइते भएका थिए।

# बेलिङघमलाई अनुबन्धन गर्न रियल म्याड्रिड सहमत

**एजेन्सी**




काठमाण्डु । स्पेनिस क्लब रियल म्याड्रिडले बोरुसिया डर्टमन्डसँग १०३ मिलियन युरोमा इङ्ल्यान्डका मिडफिल्डर जुड बेलिङघमलाई अनुबन्धन गर्न सहमत भएको छ। सन् २०२० को जुलाईमा बर्मिङ्घम सिटीबाट डर्टमण्डमा आबद्ध भएका १९ वर्षीया बेलिङघमले ग वर्षको विश्वकपमा इङ्ल्यान्डका लागि उत्कृष्ट प्रदर्शन गरेका थिए। बेलिङघको केही दिनमा मेडिकल हुनेछ। युरोपका केही शीर्ष क्लबले उनलाघ भित्र्याउन सफल भए पनि रियलले बाजी मारेको हो। उनले छ वर्षको सम्झौतामा हस्ताक्षर गर्नेछन्। डर्टमन्डले एक विज्ञप्तिमा जारी गर्दै रियलले १०३ मिलियन यूरो तिर्न सहमत भएको छ जाएको छ। म्यानचेस्टर सिटी र लिभरपुल बेलिङघम भित्र्याउन उत्सुक थिए। गत अप्रिलमा लिभरपुलले रकममा कारणले बेलिङघमलाई अनुबन्ध गर्ने दौडबाट बाहिरिएको थियो। उनले डर्टमन्डमा उत्कृष्ट प्रदर्शन गर्न सफल भए। गत वर्ष अक्टोबरमा १९ वर्षको उमेरमा क्लबको सबैभन्दा कान्छो कप्तान बनेर इतिहास रचे। बेलिङघमले यस सिजन आफ्नो क्लबका लागि ४२ खेलमा १४ गोल र सात असिस्ट गरे।

# पूँजीकोषको दबाबमा बैंक

**टुडे समाचारदाता**

काठमाण्डु । बैंक तथा वित्तीय संस्थाले व्यवसायको आधारमा पूँजी बढाउन नसक्दा पूँजी कोषको दबाब बढ्दै गएको छ । नेपाल राष्ट्र बैंकले तोकेको अनुपातमा जोखिम भारित सम्पत्तिअनुसार पूँजी कायम गर्न नसक्दा गत आर्थिक वर्षको मुनाफाबाट तीनवटा वाणिज्य बैंक लाभांश बाँड्न पाएका थिएनन् ।

चालु आर्थिक वर्ष (आव) को चैत मसान्तसम्मको तथ्यांक अनुसार यो वर्षको मुनाफाबाट पनि तीनवटा विकास बैंकले पूँजीकोष पुर्याउन नसक्दा लाभांश बाँड्न नपाउने भएका छन् । नेपाल राष्ट्र बैंकले बैंकहरुलाई जारी गरेको एकीकृत निर्देशनअनुसार 'क्यापिटल एड्युकेसी फ्रेमवर्क' २०१५ अनुसार प्राथमिक पूँजीमा ६ प्रतिशत क्यापिटल कन्भर्सेसन बफर २ दशमलव ५ प्रतिशतसहित ८ दशमलव ५ प्रतिशत न्यूनतम् प्राथमिक पूँजीकोष र ११ प्रतिशत न्यूनतम् पूँजीकोष कायम गर्नुपर्ने हुन्छ । यो कायम गर्न नसक्ने कम्पनीहरुले लाभांश बाँड्न पाउँदैनन् ।

वाणिज्य बैंक र राष्ट्रिय स्तरका विकास बैंकहरुले क्यापिटल एडुकेसी फ्रेमवर्क २०१५ अनुसारको पूँजीकोष कायम गर्नुपर्ने राष्ट्र बैंकको एकीकृत निर्देशनमा उल्लेख छ । तर, अन्य विकास बैंक र वित्त कम्पनीहरुले भने क्यापिटल एडुकेसी फ्रेमवर्क २००७ अनुसारको न्यूनतम् पूँजीकोष कायम गर्नुपर्छ। जसअनुसार जोखिम भारित सम्पत्तिको ६ प्रतिशत प्राथमिक पूँजीकोष र १० प्रतिशत कुल पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ।

बैंक तथा वित्तीय संस्थाले जुनसुकै समयमा पनि तोकिएको अनुपातमा न्यूनतम् पूँजीकोष कायम गर्नु पर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । बैंक तथा वित्तीय संस्थाले पूँजीकोषको विवरण प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणका आधारमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई महिना समाप्त भएको ७ दिनभित्र राष्ट्र बैंकमा पठाइसक्नुपर्ने व्यवस्था छ।

न्यूनतम् पूँजीकोष कायम गर्न नसक्ने बैंकहरुलाई राष्ट्र बैंकले लाभांश वितरणमा रोक लगाउनुका साथै शीघ्र सुधारात्मक कारवाही लागु गर्नसक्ने व्यवस्था छ । 'कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम् पूँजीकोष कायम गर्न नसकेको भए तापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम् पूँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइनेछैन,' एकीकृत निर्देशनमा भनिएको छ । यसअनुसार कुनै पनि त्रैमासमा पूँजीकोष कम भयो भने लाभांश वितरण गर्न पाइँदैन।

यस्तै पूँजीकोष सम्बन्धी निर्देशन पालना नगरेमा शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ बमोजिमको कारवाही पनि हुने एकीकृत निर्देशनमा उल्लेख छ।

कर्जाको प्रकृति अनुसार बैंकहरुको जोखिम भार निर्धारण हुन्छन् । राष्ट्र बैंकले कर्जाको जोखिम तथा लगानी निरुत्साहन गर्न चाहेको क्षेत्रको कर्जामा बढी जोखिम भार निर्धारण गर्छ। जसले बैंकहरुलाई उक्त क्षेत्रमा कर्जा लगानी गर्न निरुत्साहित गर्छ वा बढी प्रिमियम लिने हुँदा कर्जाको माग नै कम हुन्छ भन्ने विश्वास गरिन्छ । उदाहरणका लागि १०० प्रतिशत जोखिम भार भएको कर्जा १ लाख प्रवाह भएको छ भने त्यसको जोखिम भार पनि १ लाख नै हुन्छ । उक्त कर्जा प्रवाह गर्न बैंकले ८.५ प्रतिशत प्राथमिक पूँजी (चुक्ता पूँजी, सेयरधनीको सञ्चिति कोष र जगेडा कोष) हुनुपर्छ।

राष्ट्र बैंकले तोके अनुसारको ८.५ प्रतिशत प्राथमिक पूँजीकोष कायम गर्न नसकेपछि गत आर्थिक वर्ष २०७८/७९ को मुनाफबाट एनआईसी एसिया, लक्ष्मी र




माछापुच्छे बैंकले लाभांश बाँड्न पाएका थिएनन् । एनआईसी एसिया बैंकले आर्थिक वर्ष २०७७/७८ मा नै प्राथमिक पूँजीकोष कायम गर्न नसकेपछि उक्त आर्थिक वर्षको मुनाफाबाट लाभांश प्रस्ताव गरेको भए पनि राष्ट्र बैंकले रोकेको थियो।

चालु आर्थिक वर्षमा पनि राष्ट्रिय स्तरका दुई विकास बैंकहरु मुक्तिनाथ विकास बैंक र ज्योति विकास बैंकले राष्ट्र बैंकको ६ प्रतिशत न्यूनतम् प्राथमिक पूँजी कोषमा र २.५ प्रतिशत क्यापिटल कन्भर्सेसन बफर गरी ८.५ प्रतिशत प्राथमिक पूँजीकोष पुऱ्याउन नसकेको देखिएको छ। नेपाल राष्ट्र बैंकको २०७९ पुस मसान्तको तथ्यांक अनुसार मुक्तिनाथ विकास बैंकको प्राथमिक पूँजीकोष ८.४४ प्रतिशत मात्रै रहेको छ । यस्तै चैत मसान्तमा बैंकको प्राथमिक पूँजीकोष ८.५१ प्रतिशत पुगेको छ। ज्योति विकास बैंकको पनि चैत मसातन्तमा ८.३९ प्रतिशत मात्रै रहेको राष्ट्र बैंकले जनाएको छ । पुसमा ८.७३ प्रतिशत प्राथमिक पूँजीकोष रहेको बैंकले चैत मसान्तमा राष्ट्र बैकले तोकेको सीमाभन्दा तल झरेपछि बैंकले चालु आर्थिक वर्षको मुनाफाबाट आगामी आर्थिक वर्षमा लाभांश बाँड्न नपाउने भएको हो।

क्षेत्रीय स्तरको कर्णाली विकास बैंकलाई भने समग्र पूँजीकोष व्यवस्थापन गर्न चुनौती देखिएको छ । क्यापिटल एड्युकेसी फ्रेमवर्क २००७ अनुसार बैंकले न्यूनतम् १० प्रतिशत कुल पूँजीको कायम गर्नुपर्नेमा चैत मसान्तमा बैंकको पूँजीकोष १०.२० प्रतिशत मात्रै रहेको राष्ट्र बैंकले जनाएको छ।

**वाणिज्य बैंकलाई पनि चुनौती**

विगतदेखि नै प्राथमिक पूँजीकोषको दवाबमा रहेका वाणिज्य बैंकहरुलाई पनि पूँजीकोषको चुनौती कायम छ। राष्ट्र बैंकले प्रकाशित गरेको चैत मसान्तको तथ्यांकअनुसार जोखिम भारित सम्पत्तिमा सामान्य वृद्धि अथवा कर्जा असुलीमा समस्या भए सञ्चित नाफा ऋणात्मक बन्दा प्राथमिक पूँजीकोष नपुग्ने अवस्था छ।

८.५ प्रतिशत न्यूनतम् प्राथमिक पूँजीकोष हुनेपर्नेमा चैत मसान्तमा प्रभु बैंकको ८.६१ प्रतिशत प्राथमिक पूँजीकोष हुँदा सिद्धार्थ बैंकको ८.९५ प्रतिशत, कुमारी बैंकको ९.०१ प्रतिशत, माछापुच्छे बैंकको ८.७ प्रतिशत, एनआईसी एसिया बैंकको ८.८५ प्रतिशत प्राथमिक पूँजीकोष रहेको राष्ट्र बैंकले जनाएको छ । यी बैंकलाई कुनै ठूलो कर्जा नउठेर प्रोभिजनमा वृद्धि हुने अथवा जोखिम भारित सम्पत्तिमा सामान्य वृद्धि भएमा पनि प्राथमिक पूँजीकोष व्यवस्थापन गर्न समस्या छ । साथै बैंकलाई नयाँ कर्जा विस्तार गर्न पनि संयमित हुनुपर्ने अवस्था छ।

**अर्को वर्षदेखि काउन्टर साइक्लिकल बफरको व्यवस्था**

राष्ट्र बैंकले आगामी १ साउनदेखि बैंकहरुलाई 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयनमा लैजाने बताएको छ । जस अनुसार बैंकहरुले थप पूँजीकोष कायम गर्नुपर्ने भएकोले वाणिज्य बैंकहरुलाई पूँजीकोष व्यवस्थापन गर्न चुनौतीपूर्ण भएको हो।

राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत काउन्टर साइक्लिकल बफर' को व्यवस्थालाई २०८० साउनदेखि कार्यान्वयनमा ल्याउने घोषणा गरेको हो । कर्जा विस्तार र अर्थतन्त्रको विस्तारलाई सँगै लैजान भन्दै 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयनमा ल्याउने राष्ट्र बैंकले बताएको छ।

कर्जा विस्तार उच्च भए पनि त्यसको प्रभाव अर्थतन्त्रमा नहुँदा अर्थतन्त्र असन्तुलन र वित्तीय स्थायित्वमा समेत दवाव पर्ने अवस्था भएको भन्दै केन्द्रीय बैंकले कर्जा विस्तारको आधारमा ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीकोषको व्यवस्था गर्नेगरी 'काउन्टर साइक्लिकल बफर' कार्यान्वयन ल्याउन लागेको हो।

अहिले नै प्राथमिक पूँजीकोषको दबाबमा रहेका बैंकहरुलाई १ साउनदेखि काउन्टर साइक्लिकल बफर लाग्ने हुँदा झनै दबाब हुने अवस्था आएको छ । पछिल्लो पाँच वर्षको कुल गार्हस्थ उत्पादन र कर्जा अनुपातको औसत निकालेर आगामी असार मसान्तमा कायम हुने कुल गार्हस्थ उत्पादन र कर्जाको अनुपात बीचको अन्तरको आधारमा काउन्टर साइक्लिकल बफर कार्यान्वयन गर्ने राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशिकामा उल्लेख छ । क्यापिटल एडुकेसी फ्रेमवर्क २०१५ ले काउन्टर साइक्लिकल बफर कसरी कार्यान्वयन हुने भन्ने उल्लेख छ।

राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन २०७९ अनुसार पछिल्लो ५ वर्षको जीडीपी र कर्जाको अनुपातको औसत तथा पछिल्लो वर्षको जीडीपी र कर्जा अनुपातबीचको अन्तर अनुसार ०.५ प्रतिशतदेखि २.५ प्रतिशतसम्म थप पूँजीको कायम गर्नुपर्ने हुन्छ।

यस्तो अन्तर ५ अंकभन्दा कम भए थप पूँजी आवश्यक पर्दैन । ५ प्रतिशतदेखि ७.७ अंकसम्म अन्तर भए थप ०.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ।

यस्तै उक्त अन्तर ७.५ देखि १० अंकसम्म भए थप १ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने हुन्छ। उक्त अन्तर १० देखि १२.५ अंकसम्म भए १.५ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्छ भने १२.५ अंकदेखि १५ अंकसम्म अन्तर भए २ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्ने हुन्छ।

उक्त अन्तर १५ अंकभन्दा माथि हुँदा २.५ प्रतिशत पूँजीकोष कायम गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको एकीकृत निर्देशिकामा छ।

**बैंकहरुलाई कति थप पूँजीकोष चाहिएला ?**

चालु आर्थिक वर्ष ०७९/८० को कुल गार्हस्थ उत्पादन ५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान केन्द्रीय तथ्यांक कार्यालयले गरिसकेको छ। राष्ट्र बैंकको चैत मसान्तको तथ्यांकअनुसार चालु आबको अनुमानित कुल गार्हस्थ उत्पादनको तुलनामा कर्जाको अनुपात ९०.८५ प्रतिशत पुगेको छ । असार मसान्तसम्म कर्जा विस्तार केही माथि पुग्ने हुँदा कुल गार्हस्थ उत्पादनको अनुपातमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा केही बढ्दा उक्त अनुपात केही माथि जान्छ। २०७५ असार मसान्तमा उक्त अनुपात ७०.७ प्रतिशत रहेकोमा ०७६ असारमा ७५.४ प्रतिशत, ०७७ असारमा ८४.३ प्रतिशत र ०७८ असारमा ९५.१ प्रतिशत पुगेको थियो । यस्तै २०७९ असारमा यस्तो अनुपात ९५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा कर्जा विस्तार न्यून हुँदा करिब ९३ प्रतिशत हुने अवस्था देखिन्छ।

यस्तै यस आधारमा ५ वर्षको जीडीपी तुलनामा कर्जाको अनुपातको पछिल्लो ५ वर्षको औसत ८८.६ प्रतिशत हुने देखिन्छ । यदि असारमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा कुल गार्हस्थ उत्पादनको ९३ प्रतिशत कायम भएमा ५ वर्षको औसत र असारको अनुपात बीचको अन्तर ४.४ प्रतिशत हुन जान्छ। राष्ट्र बैंकको एकीकृत निर्देशिका अनुसार यस्तो अन्तर ५ प्रतिशत भन्दा कम हुँदा थप पूँजीकोष चाहिंदैन । तर, ५ प्रतिशत भन्दा माथि पुग्नासाथ ०.५ प्रतिशत थप पूँजीकोष कायम गर्नुपर्ने हुन्छ।

पछिल्लो समय बैंकहरुमा बढ्दै गएको निष्क्रिय कर्जा अनुपातका कारण बैकहरु थप दबाबमा छन् । निष्क्रिय कर्जा बढ्दै गएको बेला थप पूँजीकोष कायम गर्नुपर्दा आगामी दिनमा कर्जा विस्तार गर्न समस्या हुने बैंकरहरु बताउँछन्।

राष्ट्र बैंकले काउन्टर साइक्लिकल बफर अन्तर्गतको थप पूँजीकोष प्राथमिक पूँजी ' टियर १ क्यापिटल' बाटै कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

राष्ट्र बैंकले ६ प्रतिशत प्राथमिक पूँजी र २.५ प्रतिशत क्यापिटल कन्जर्भेसन बफरसहित ८.५ प्रतिशत प्राथमिक पूँजी हुनुपर्ने व्यवस्था गरेको छ। यस्तै, २.५ प्रतिशत पूरक पूँजीको रुपमा ऋणपत्र लगायत उपकरणमार्फत व्यवस्थापन गर्न सकिने व्यवस्था छ।

काउन्टर साइक्लिकल बफर कार्यान्वयनमा आएर प्राथमिक पूँजी कोषबाट थप ०.५ प्रतिशत मात्र थप पूँजी कायम गर्नुपर्ने भए आधा दर्जनभन्दा बढी बैंक कर्जा विस्तार गर्न नसक्ने अवस्थामा पुग्नसक्ने देखिन्छ । सीडी रेसियो सहज अवस्थामा भएको आधा दर्जन बैंक पूँजीकोषको कारण कर्जा लगानी गर्न नसक्ने अवस्थामा छन्।

अहिले ९ प्रतिशत वा सोभन्दा कम प्राथमिक पूँजीकोष भएका बैंकहरुलाई ०.५ प्रतिशत मात्रै पूँजीकोष काय गर्नुपर्ने अवस्थामा पनि कर्जा विस्तार गर्न मुस्किल हुने देखिन्छ।

# साइलेज उद्योग सञ्चालनमा

भरतपुर । दूध र दुग्धजन्य पदार्थको उत्पादन लागत कम गर्न भरतपुरको चम्पानगरमा साइलेज उद्योग सञ्चालनमा ल्याइएको छ।



भरतपुर महानगरपालिका-१३ चम्पानगरस्थित उज्ज्वल दुग्ध उत्पादक सहकारी संस्थाले पशु आहारा उत्पादन थालेको हो । दुधेलो मकै र घाँसको ढोडलाई मेसिनमा पेलेर बनाइने दानालाई साइलेज भनिन्छ । पोषणतत्व कायमै रहने गरी बनाइने साइलेज गाईबस्तुका लागि निकै लाभदायक मानिन्छ। साइलेजलाई मेसिन (साइलेज ब्यालर)ले नै प्लाष्टिकमा प्याकिङ गरिन्छ। गाई भैँसीका लागि साइलेज पौष्टिक आहार हो।

उद्योगमा भरतपुर महानगरपालिका कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा र उज्ज्वल दुग्ध उत्पादक सहकारी संस्थाको ५०/५० प्रतिशत लगानी छ। कूल रु ४२ लाख ३५ हजार लागतमा स्थापना भएको सो उद्योगको बुधबार भरतपुर-१३ का वडाध्यक्ष प्रकाश दवाडीले उद्घाटन गर्नुभयो । उहाँले साइलेज उद्योग स्थापनाले यस क्षेत्रका किसानले लाभ प्राप्त गर्ने बताउनुभयो। गुणस्तरीय दूध उत्पादनसँगै गाई भैँसी पनि स्वस्थ रहने भएकाले साइलेजको प्रयोग गर्न किसानलाई प्रोत्साहित गरिने उहाँको भनाइ छ।

सुक्खा याममा घाँसको अभावमा दूध उत्पादन घट्ने हुँदा पहिले नै तयार पारेर राखेको साइलेज पशु आहारका लागि अत्यन्त उपयुक्त हुने सहकारीका अध्यक्ष होमनाथ सुवेदीले बताउनुभयो । महँगो मूल्यमा पराल किनेर खुवाउने बाध्यता रहेकामा किसानलाई अब उद्योग स्थापनापश्चात् राहत पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । यहाँका किसानले अहिले पनि विभिन्न ठाउँबाट साइलेज दाना ल्याउने गरेका छन्।

"अब स्थानीयस्तरमै उत्पादन हुँदा यसले यहाँका किसानलाई लाभ मिल्ने छ । अहिले पशुपालनमा दाना र आहाराको लागत बढ्दा उत्पादन लागत पनि बढेको छ। हामी प्रतिकिलो ११ रुपैयाँ ५० पैसाको दरले वितरण गर्ने छौँ, यो बजार मूल्यभन्दा सस्तो हो", सुवेदीले भन्नुभयो।

विसं २०४२ देखि दुग्ध सङ्कलनसँगै पशुपालक किसानका लागि काम गर्दै आएको सो सहकारीले साइलेजको विस्तारका लागि मकै खेतीमा समेत किसानलाई सहयोग गर्ने कार्यक्रम ल्याउँदैछ। चितवन दूधमा आत्मनिर्भर छ । यहाँका सहकारीले पछिल्लो समयमा व्यावसायिकरुपमा किसानको क्षमता बढाउन काम गर्दै आएका छन् । यहाँबाट काठमाडौँ, पोखरालगायत सहरमा दूध निर्यात हुने गरेको छ । भरतपुर महानगरपालिकाले पनि आफ्नो बजेटबाट प्रतिलिटर रु तीन अनुदान दिने गरेको छ। रासस

## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८०/०२/२६ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **लहान** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०७९/११/२७ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ।

**ऋणी संस्थाको नाम : श्री लोकप्रिय सेभिङ्ग एण्ड क्रेडिट कोओपरेटिभ सोसाईटि लिमिटेड ।**
**रजिष्टर्ड ठेगाना : महदेवा पोर्ताहा-७ सरहंचिया, सिराहा ।** **दर्ता नं: १/४६(१४३) ०६४/६५**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : हरि देव चौधरी**
**(अध्यक्ष तथा जमानीकर्ता)**
वाबु : मुगा लाल चौधरी
वाजे : मसि लाल चौधरी
श्रीमती : प्रेमलता चौधरी
ना प्र नं. : १५२०१२/८५९३, सिरहा
ठेगाना : सखुवानन्कारकट्टी-३, सिरहा

**२) नाम : हरि नारायण चौधरी**
**(उपाध्यक्ष तथा जमानीकर्ता)**
वाबु : खेदन चौधरी
वाजे : जनक चौधरी
ना.प्र.नं : ५९३२२६४१, सप्तरी
ठेगाना : सखुवानन्कारकट्टी- ३, सिरहा

**३) नाम : विधानन्द चौधरी**
**(सचिव तथा जमानिकर्ता)**
वाबु : विरजु चौधरी
वाजे : मुखीलाल चौधरी
श्रीमती : सुनैना चौधरी
ना.प्र.नं : ५४/सिरहा
ठेगाना : सखुवानन्कारकट्टी-३, सिरहा

**४) नाम : आशा कुमारी चौधरी**
**(कोषध्यक्ष तथा जमानिकर्ता)**
वाबु : सोचाई चौधरी
वाजे : गोलाई चौधरी
ना.प्र.नं : ९०१९१५५८, सिरहा
ठेगाना : सखुवानन्कारकट्टी-३, सिरहा

**५) नाम : देविन्द्र कुमार यादब**
**(संचालक तथा जमानिकर्ता)**
वाबु : राम दयाल यादव
वाजे : कारी यादव
श्रीमती : ववी यादव
ना.प्र.नं : १५२०१२/२६४२, सिरहा
ठेगाना : सखुवानन्कारकट्टी-३, सिरहा

**६) नाम : लक्ष्मन प्रसाद सदाय**
**(संचालक तथा जमानिकर्ता)**
वाबु : चिनाई सदा
वाजे : बुद सदाय
ना.प्र.नं : १५२०१२/२२८०, सिरहा
ठेगाना : सखुवानन्कारकट्टी- ३, सिरहा

**७) नाम : लक्ष्मी चौधरी**
**(संचालक तथा जमानिकर्ता)**
वाबु : जितु चौधरी
वाजे : विलट चौधरी
ना.प्र.नं : ५७१९०७२८
ठेगाना : सखुवानन्कारकट्टी-३, सिरहा

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. जेनुल मियांको बुहारी श्रीलियाकत मियाँको श्रीमती सिराहा जिल्ला लहान न.पा. वडा नं.५ बस्ने **श्री नुर जहां**को नाममामालपोत कार्यालय लहान (सिराहा) मादर्ता श्रेस्ताकायम रहेको सिराहा जिल्ला लहान बजार वडा नं. ४को कित्ता नं. ११६१ को क्षेत्रफल ०-०-११.५०-०जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. बद्रि प्रसाद चौधरीको बुहारी श्री राजेश कुमार चौधरीको श्रीमती सिराहा जिल्ला सोठीयाईनगा.वि.स. वडा नं. ९ बस्ने **श्री प्रमिला देवीचौधरीको** नाममा मालपोत कार्यालय लहान (सिराहा) मा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला भवानीपुर कालाबंजार वडा नं. ८ख को कित्ता नं.५११ को क्षेत्रफल ०-१-५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री धनबिर यादवको नातिश्री गंगाई यादवको छोरा सिरहा जिल्ला महदेवा पोर्ताहा गा.वि.स. वडा नं. ८ बस्ने **श्री घनश्याम यादब**को नाममा मालपोत कार्यालय लहान (सिरहा) मादर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला महदेवा पोर्ताहा वडा नं. ८क को कित्ता नं.१४१ को क्षेत्रफल ०-४-१५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री मो.वासील शेषको बुहारी श्री पिर महमदकोश्रीमती सिरहा जिल्ला लहान न.पा. वडा नं. ५ बस्ने **श्री जमिरुल खातुन**को नाममा मालपोत कार्यालय लहान (सिरहा)मा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला लहान बजार वडा नं. ४ को कित्ता नं. ४६३ को क्षेत्रफल ०-१-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री शोमी चौधरीको नातिश्री बन्हु चौधरीको छोरा सिरहा जिल्ला महदेवा पोर्ताहा गा.वि.स. वडा नं. ९ बस्ने **श्री राजेन्द्र प्रसाद चौधरीको** नाममा मालपोत कार्यालय लहान (सिरहा) मा दर्ता श्रेस्ताकायम रहेको सिरहा जिल्ला भवानीपुर कालाबंजार वडा नं. ९घ को कित्ता नं.४१८को क्षेत्रफल ०-३-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री झपटु चौधरीको बुहारी श्री प्रथमलाल चौधरीको श्रीमती सिरहा जिल्ला महदेवा पोर्ताहा गा.वि.स. वडा नं. ९ बस्ने **श्री रजिया वती चौधरीको** नाममा मालपोत कार्यालय लहान (सिरहा) मा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला सिग्राही मटिअर्वा वडा नं. ५को कित्ता नं. ९९१ को क्षेत्रफल ०-०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
७. श्री उपेन्दर यादवको बुहारी श्री राम परिक्षण यादवको श्रीमती सिरहा जिल्ला नवराजपुर गा.वि.स. वडा नं. १ बस्ने **श्री रंजु कुमारी यादबको** नाममा मालपोत कार्यालय लहान (सिरहा) मा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला सिग्राही मटिअर्वा वडा नं. ४ख को कित्ता नं. १०२० को क्षेत्रफल ०-०-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
८. श्री कामेश्वर चैधरीको बुहारी श्री राम बहादुर चैधरीको श्रीमती सिरहा जिल्ला प्रिपा गा.वि.स. वडा नं. ६ बस्ने **सुश्री अरुणदेवी** नाममा मालपोत कार्यालय लहान (सिरहा) मा दर्ता श्रेस्ता कायम रहेको सिरहा जिल्ला सिग्राही मटिअर्वा वडा नं. ४ख को कित्ता नं. १४६६ को क्षेत्रफल ०-०-८ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय लहान रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** कुपण्डोल, ललितपुरमा रहेको खाता नं. **००१०००१४८६६०००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै राजविराज शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा व्याज दावी गर्न पाइने छैन।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ। लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ। यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ। ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोन: ०१-५१८०१८३, Web: www.ncbl.coop

## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### विरेन्द्रबजार, धनुषा
**मधेश प्रदेश, नेपाल**

## सुचना सच्याईएको सम्बन्धमा

मिति २०८०।०२।२२ गते जनकपुर टुडेमा प्रकाशित बोलपत्र स्वीकृति तथा आर्थिक प्रस्ताव खोल्ने सूचनामा मिति २०७९।०६।३१ तथा मिति २०७९।०८।१८ को ठाउँमा मिति २०८०।०१।०४ हुनुपर्ने व्यहोरा यसै सूचना मार्फत सच्याईएको जानकारी गराईन्छ।

**ग.चा.न.पा., विरेन्द्रबजार, धनुषा ।**

**मधेश प्रदेश सरकार**
## गृह, सञ्चार तथा कानुन मन्त्रालय
**जनकपुरधाम, धनुषा, नेपाल**

## जेनेरेटर खरिद गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/२६**

यस मन्त्रालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मन्त्रालयलाई आवश्यक पर्ने देहाय बमोजिमको Generator सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा (८क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन २०७३) को नियम ३१(ख) बमोजिम त्यस्तो Generator उत्पादक कम्पनी वा सोको आधिकारीक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारीक बिक्रेताहरुले आफ्नो फर्म दर्ता, भ्याट दर्ता, आधिकारिताको प्रमाणपत्र (Letter of Authorization) र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) को उपनियम ३ अनुसार देहाय वमोजिमको Generator उत्पादकको आधिकारिक स्पेशिफिकेशन र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गर्नुहुन सम्वन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Generator को विवरण**

| क्र.सं. | Generator | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | 62 KVA 3 Phase, air cooled Generator with installation | स्वीकृत स्पेशिफिकेशन | १ | |

# कार्यान्वयनमा सांसदको शंका



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले ल्याएको आगामी वर्षको नीति तथा कार्यक्रममाथिको छलफल विहीबारदेखि प्रदेशसभामा सुरु भएको छ ।

बिहीबार नीति कार्यक्रममाथिको छलफलमा बोल्दै सांसदहरुले कार्यान्वयनमा शंका व्यक्त गरेका छन् ।

सत्तापक्षका सांसदहरु पनि समग्रमा नीति तथा कार्यक्रम राम्रो भएको तर कार्यान्वयन पाटोलाई मजबुत बनाउने कुरा नसमेटिएको बताएका थिए ।

सांसदहरुले थरी थरीको सुझाव, टिप्पणी र धारणा राखेका थिए । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेका उपनेता दीपेन्द्र ठाकुरले सरकारको नीति तथा कार्यक्रममा विभेद झल्किएको बताए ।

छोरीलाई मात्रै ल्यापटप दिएकोतर्फ संकेत गर्दै छोरासंग विभेद गरिएको उनले बताए । 'छोरीलाई एउटा ल्यापटप दिनुभन्दा हामी यति साक्षर बनाइदेउ की छोरीले दश वटा ल्यापटप अरुलाई दिओस्,'उनले भने,'यस्तो नीति हामी कहिले ल्याउने ?'

मन्त्रिपरिषद्मा महिला सहभागिता सम्मानजनक नभएको भन्दै उनले महिलामाथि सरकारले नै अंकुश लगाएर राखेको बताए ।

प्रदेश राजधानीको पोखरी र मन्दिरलाई सम्बोधन हुने गरी सरकारले नीति तथा कार्यक्रममा समावेश नगरेको उनको भनाइ छ ।

लोकतान्त्रि समाजवादी पार्टी (लोसपा)का सांसद जयनुल राइनले पनि कार्यान्वयनमा शंका गरे । नीति तथा कार्यक्रममा उल्लेख गरिएको बुंदाहरु पर्याप्त नभए पनि राम्रै रहेको उनले बताए ।

सत्तारुढ नेपाली कांग्रेसका सांसद श्याम पटेलले मधेश विश्वविद्यालयको स्थापना भएको लामो समय भए पनि पठ्नपाठ्न नभएको र सो विषयमा नीति तथा कार्यक्रममा केही उल्लेख नगरिएको उनले बताए ।

'विश्वविद्यालय धेरै उत्साहका साथ स्थापना भयो । कर्मचारी, कुलपति, उपकुलपति र रजिष्टार नियुक्त भयो,'उनले भने,'तर पढाइ भएन् । यस विषयमा नीति तथा कार्यक्रममा केही उल्लेख गरिएको छैन् ।' नीति तथा कार्यक्रम राम्रो भए पनि हतारमै बनाएको उनले बताए ।

नीति तथा कार्यक्रममा पर्यटनसहित धेरै विषयवस्तु छुटाइएको उनले औंल्याए । सो विषयवस्तु नीति तथा कार्यक्रममा समेटिएर आगामी बजेटमा ल्याउन उनले धारणा राखे ।

जनमत पार्टीका सांसद चन्दन सिंह कुशवाहाले अपाङ्गको लागि पनि केही योजना राख्ने उनले माग गरे । पालिका स्त्तरमा ब्लड बैंक राख्न उनले माग गरे । कृषि भण्डार र औजार सेन्टर वडा वडामै हुनुपर्ने उनले बताए ।

# खयरमारावासीमा उत्साह

**टुडे समाचारदाता**

जलेश्वर । महोतरीको सुदुरउत्तरवर्ती खयरमारा गाउँमा एक वर्ष अघि न त कालोपत्रे सडक थियो । न खानेपानीको सुविधा नै । आधारभूत सेवा सुविधाबाट वञ्चित थिए बर्दिवास नगरपालिकाको खयरमारा गाउँका वासिन्दा । कच्ची सडक भएकाले गर्मीमा धुलाम्य र वर्षायाममा हिलोमा सवारी । साविकको खयरमारा गाउँ विकास समिति तथा अहिलेको बर्दिवास नगरपालिकाको खयरमारा गाउँको कुनै बेला यस्तो पहिचान थियो ।

तर, अहिले खयरमाराको रुप फेरिएको छ । खयरमारामा अहिले पक्की सडक बनेको छ । घरघरमा विद्युत् पुगेको छ । अधिकांशको घरमा रंगीन टेलीभीजन छन् । पक्की र कच्ची घरहरुको वस्तीको बीचमा सात मीटर चौडाइको कालोपत्रे सडक हेर्दा कुनै पार्कको बीचको सडक जस्तो देखिन्छ । जताततै स्थानीय तहमा बेथितिका खबर आइरहेका बेला, खयरमाराका जनताले भने बर्दिवास नगरपालिकामा मेयरमा प्रह्लाद कुमार क्षेत्री निर्वाचितपछि खयरमारावासी विकासको अनुभूति गर्न थालेको बताएका छन् ।

बर्दिबास नगरपालिकामा नयाँ सडकको ट्र्याक खोल्ने, ग्राभेल र कालोपत्रे गर्ने काम अहिले द्रुत गतिमा अघि बढेको छ । नगर प्रमुख प्रह्लाद क्षेत्रीले समपूरक कोष अन्तर्गत संघ र प्रदेशको बजेटबाट निर्माणाधीन यी सडक असार मसान्त अगावै सम्पन्न गर्ने गरी ठेकेदार कम्पनीसँग सम्झौता भएको बताए ।

कामको गुणस्तरलाई लिएर कतिपयले आशंका गरे पनि यसप्रति नगरपालिका सचेत र सतर्क रहेको बताउँदै उनले भने त्यसमा दायाँबायाँ गर्ने जोसुकैलाई कारबाहीको दायरामा ल्याउँछौं ।

नगरपालिकाको पूर्वाधार विकास शाखाका अनुसार अहिले नगर क्षेत्रका विभिन्न वडामा गरी साढे पाँच फिट चौडाइ र साढे सात किमी लम्बाइका ग्रामीण सडक प्रिमिक्स कार्पेट बिछ्याउने काम तीव्र गतिमा अघि बढेको छ ।



चालु आर्थिक वर्षभित्रै काम सम्पन्न गर्ने गरी सात करोड ४५ लाख रुपैयाँमा सम्झौता भएका यी सडक फराकिलो गर्ने, बेस र सब बेस बिछ्याउनेलगायतका काम सकिएको र कालोपत्रे गर्ने प्राइम बिछ्याउने काम भइरहेको शाखा इन्जिनियर शिवेशकुमार सिंहले बताए ।

यसै अन्तर्गतको बर्दिबास-१०, खयरमारास्थित विद्युत् चोकदेखि बुढा खोल्सीसम्म एक किलोमिटर २ सय ५० मिटर लम्बाइको सडकमा कालोपत्रे गर्ने काम अन्तिम चरणमा पुगेको छ । ठेकेदार कम्पनी मनासलु इनर्जी प्रालि, त्रिवेणी कन्स्ट्रक्सन र धनुषाधाम निर्माण सेवा जेभीले ६९ लाख रुपियाँमा ठेक्का लिएको यो सडकको ९५ प्रतिशत काम सम्पन्न भइसकेको छ । ठेकेदार जीवनराज भण्डारीले जेठभित्रै योजना सम्पन्न गर्ने गरी कामलाई तीव्रता दिएको बताए ।

यो सडक कालोपत्रे भएपछि बिरामी, विद्यार्थी र दुध एवं फलफूल उत्पादक किसानलाई सहज हुने स्थानीय समाजसेवी पोषण थापाले बताए ।

त्यसैगरी,पर्यटनको केन्द्रमा रहेको पूर्वपश्चिम लोक मार्गदेखि टुटेश्वर र माइस्थान मन्दिरसम्मका धार्मिक मार्ग, गौशाला चोकदेखि ईश्वर मा वि जोडने सडक, हात्तीलेट पोखरी डिलदेखि धामी टोल पुग्ने बाटो र पशुपतिनगरलाई ९ नम्बर वडा जोड्ने सडकमा पनि धमाधम कालोपत्रे गर्ने कार्य भइरहेको छ ।

विकासको पहुँचबाट वञ्चित तथा जिल्लाकै दुर्गममा मानिएको विभिन्न वडाका सुदूर भेगमा सडकको टर्याक खोल्ने कामलाई अघि बढाइएको छ ।

वर्षातको मौसममा सर्वसाधारणलाई खेतवबारी वा गाउँमा पनि हिडन कठिनाइ भइरहेकोमा वर्दिवास नगरपालिका सहयोगमा मनासलु इनर्जि प्रा लिले ७९ लाख ७१ हजार ७ सय ४९ रुपैयाँमा लागतमा खयरमाराको विधुत् चोकदेखि भरत टोलसम्म जानेबाटोमा कालोपत्र गर्ने कार्य गरेपछि उनीहरुमा उत्साह छाएको छ । अहिले गाउमा सडक कालोपत्र गरिने भएपछि कच्ची सडकमा आवतजावत गर्ने सर्वसाधारण खुशी भएका छन् ।

सडक कालोपत्र भएर स्थानीयवासीलाई व्यापार गर्न, स्थानीय उत्पादनलाई बजारसम्म लैजान उत्पादित तरकारी, फलफूललगायत कृषिजन्य सामग्री बाहिर लैजान सहज भएको छ । बर्दिवास नगरपालिकाका अधिकांश ग्रामीण वडामासमेत सडक निर्माण कार्य तीव्र पारिएको छ ।

खयरमारा यस अघि आफैमा गाउपालिका थियो । पुर्नःसंरचनापछि वर्दिवास नगरपालिकाको १० र ११ नं. वडा बन्यो । दुबै वडा गरी १४ हजार बढी नागरिकको बसोवास छ । गाउँमा सामुदायिक र संस्थागत गरी दर्जन बढी विद्यालय छन् । मधेश प्रदेशमै उत्कृष्ट मानिएको निर्मल लामा वहु प्राविधिक शिक्षालय र व्यापारिक केन्द्र खयरमारा बजार मै रहेको छ ।

# 'पीडितको अवस्था जस्ताको त्यस्तै'

**टुडे समाचारदाता**

जनकपुरधाम । माओवादी द्वन्द्वका पीडितहरुको न्यायमा पहुँच हुन नसकेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।




समग्र जन उत्थान केन्द्रद्वारा बिहीबार जनकपुरधाममा आयोजित न्यायमा पहुँच सवलीकरण कार्यक्रम द्वन्द्व पीडितहरुको परिपूरण तथा तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न प्रदेश सरकार र अन्य सरोकारवालाहरुको भूमिका विषयक संवाद कार्यक्रमका वक्ताहरुले सो कुरा बताएका छन् ।

कार्यक्रममा केन्द्रका निर्देशक वेदराज पोखरेलले सयौं द्वन्द्व पीडितहरुको अवस्था अत्यन्त दयनीय भइ एक दुई होइन सयौं पीडितहरुको हालत मर्नु नबाँच्नु बनेको छ बताए ।

'तथ्यांक नै नरहेको अवस्थामा नीति तथा कार्यक्रममा द्वन्द्व पीडितको कुरोको स्थानीय सरकारमा कुनै चर्चासमेत नहुने गरेको दुर्भाग्यपूर्ण स्थिति रहेको उनले बताए ।

परियोजनाका कार्यक्रम संयोजक रामकृपाल साहले विभिन्न संघर्षबाट तीन तहको सरकार जनताले पाए पनि द्वन्द्व पीडितहरुले भने कुनै पनि सरकारको अनुभूति गर्न नसकेको चर्चा गरे ।

द्वन्द्वको क्रममा मारिएका बेपत्ता पारिएका,अंगभंग भएकाहरुको अवस्था दयनीय रहेकोले तीनै तहको सरकार गम्भीर भइ पीडितहरुको घाउमा मल्हम लगाएर समतामूलक समाजको अनुभूति दिलाउनु पर्ने आवश्यकतामा उनले जोड दिए ।

द्वन्द्व पीडित परिवारका अमर योन्जनले स्थानीय सरकारहरु पीडितको सवालमा बेखबर रहेको दुखेसो पोखे ।

उनले स्थानीय तहहरुले आफ्नो पालिका भित्रका द्वन्द्व पीडितहरुका लागि विशेष राहत प्याकेज ल्याएर स्थानीय सरकारको अनुभूति गराउनुपर्ने धारणा राखे ।

कार्यक्रममा दिगो शान्ति र द्वन्द्व प्रभावितहरूको न्यायको सुनिश्चितता गर्न राज्यद्वारा विभिन्न उपायहरूको खोजी गर्नुपर्ने,विगतको सशस्त्र द्वन्द्वले प्रत्यक्ष र अप्रत्यक्ष दुबै रूपमा सबैभन्दा बढी प्रभाव र असर पारेको समुदाय महिला र बालबालिका भएकाले परिपूरणका कार्यक्रमहरूमा उनीहरूको फरक आवश्यकतालाई जोड दिनुपर्ने, द्वन्द्व प्रभावित महिलाका प्राथमिकता र आवश्यकतालाई परिपूरणको माध्यमबाट पूरा गर्न उचित विकल्प खोज्नुपर्ने, परिपूरणका कार्यक्रमहरूको सिफारिश गर्दा उनीहरूको विशिष्ट आवश्यकतालाई ध्यान दिनुपर्ने, द्वन्द्वका कारणहरूको खोजी गरी त्यसको नियन्त्रणको विषयलाई प्राथमिकता र महत्व दिनुपर्ने, द्वन्द्व पीडित केन्द्रित सत्य, न्याय, परिपूरण र आत्मसम्मान सुनिश्चित गर्नका लागि काम गर्न अव ढिला गर्न नहुने न्याय दिन ढिला गर्नु भनेको अन्याय गर्नु नै हो भन्ने कुरालाई आत्मसात गर्दै संक्रमणकालीन न्यायको पाटोलाई टुंगोमा पुऱ्याउनुको कुनै विकल्प नरहेको वक्ताहरुले बताएका थिए ।

# प्रदेशका एक तिहाई चापाकल सुक्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । अत्यधिक गर्मीका कारण मधेश प्रदेशका विभिन्न जिल्लाहरूमा खानेपानीको मुहान सुकेपछि सर्वसाधारण निक्कै मारमा परेका छन् ।



जनकपुरधाम उपमहानगरपालिका क्षेत्रमा भएका एक तिहाइ चापाकलहरु सुकेपछि सर्वसाधारणलाई खाने पानीको समस्या उत्पन्न भएको छ ।

खास गरी धनुषा, महोत्तरी, सिरहा, सप्तरी, बारा, पर्सा तथा रौतहट जिल्लाको उत्तरी भेगमा यो समस्या देखिएको छ ।

चुरे तथा वनजंगलको दोहनका कारणले पनि पानीका श्रोतहरू सुक्न थालेको बताइन्छ । जनकपुरधाममा ४५० फिटमा जडान भएको चापाकलमा पनि पानी आउन बन्द भएपछि सर्वसाधारणहरू थप समस्यामा परेका छन् ।

जनकपुरधामको वडा नं २ शिव चोकका अशोक दासले अहिले चापाकलमा पानी आउन छाडेपछि पानी किनेर खाने गरेको बताउँदै शौचालयमा पोखरीको पानी प्रयोग गर्नु परेको बताए । लामो समयसम्म वर्षा नभएका कारणले वडाका धेरै चापाकलहरु सुकेको उनले बताए ।

जनकपुरधामको गंगासागरमा रहेको डिप बोरिङ पनि सुकेको छ । विगत चार दिन देखि सो डिप बोरिङमा पानी आउन बन्द भएपछि यस क्षेत्रका हजारौं व्यक्तिहरूलाई खानेपानीको समस्या भएको अधिवक्ता राजकुमार महासेठले बताए ।

जनकपुरधामको घना वस्ती भएका अधिकांश ठाउँको चापाकलहरूमा पानी आउन बन्द भएको छ ।

यस्तै अवस्था रहेको खण्डमा आगामी दिनमा जनकपुरधाममा खानेपानीको थप जटिलता उत्पन्न हुने छ । प्रदेश सरकारले जनकपुरधाममा भएका कतिपय पोखरीहरूको पक्की घाटको निर्माण गरेका कारणले पानीको रिचार्जमा पनि समस्या उत्पन्न भएको वातावरण संरक्षण अभियानी सुरेश शर्माले जानकारी दिए ।

# झै-झगडामा एक घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको सोनामा गाउँपालिका-२ मा दुई महिलाहरु बीच कुटाकुट हुँदा एक जना महिला घाइते भएकी छन् ।

बुधबार अबेर राति स्थानीय वीरेन्द्र यादवको ३० वर्षीया श्रीमती सरिता देवी यादव र सोही ठाउँका रवीन्द्र यादवको ३५ वर्षीया श्रीमती अनिता देवी यादवबीच बाटोको विषयलाई लिएर विवाद हुँदा कुटाकुट भएको थियो ।

झै-झगडाको क्रममा सरिता देवी यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

यादवको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भइरहेको छ । घटनाको अनुसन्धान जारी रहेको बताइएको छ । यता प्रहरीले रवीन्द्र यादवलाई पक्राउ गरिएको छ ।

# मेयर साहको प्रतिवद्धतापछि अनशन तोडियो

**टुडे समाचारदाता**

लहान । सिरहाको कल्याणपुर नगरपालिकाको विरुद्ध आन्दोलनरत शुभेन्द्र यादवले अनशन तोडेका छन् । उनले बुधबार अबेर राति अनशन तोडेको जनाइएको छ ।

नगरपालिकामा व्यापक अनियमितता भएको भन्दै ११ बुंदे माग राख्दै शुभेन्द्रले आइतबारदेखि आमरण अनशनमा बसेका थिए ।



अनशनमा बसेका यादवको स्वास्थ्य अवस्था गम्भीर भएपछि जनमत,लोसपालगायतका दलका स्थानीय नेता कार्यकर्ताहरुले अनशनकारीको माग पूरा गर्न मेयर रामपुकार साहमाथि दबाब सृजना गर्न बुधबार दिनभरि विरोध प्रदर्शन गरेका थिए ।

सो क्रममा साँझ एक घण्टा सम्म कल्याणपुर नगरपालिका परिसरको अवस्था तनावग्रस्त बनेको थियो ।

मेयर साहले युवा यादवले उठाएको ११ वटै माग पूरा गर्ने लिखित सहमति पछि अनशन तोडिएको छ ।

यादवले कल्याणपुर स्वास्थ्य चौकीको अधुरो काम तत्काल पूरा गर्नुपर्ने, धर्मशाला पछाडिको बाटो सुधार गर्नुपर्ने, नातावादको हिसाबले गरिएको नियुक्ति खारेज गर्नुपर्ने,राधिका ट्रेडर्स सप्लायर्सलाई ठेक्काको काम दिन बन्द गर्नुपर्ने,सामुदायिक विद्यालयहरुले लिएको शुल्क तत्काल फिर्ता गराउनुपर्ने,नेपालको संविधानले प्रदान गरेको स्वास्थ्य सम्बन्धी हक कायम गर्नुपर्नेलगायतका ११ बुंदे माग पूरा गर्ने प्रतिबद्धता मेयर साहले व्यक्त गरेका छन् । मेयर साहले प्रतिबद्धता जनाए पनि अनशनकारीलाई भने भेट्न गएनन् ।

यता विभिन्न दलका नेता कार्यकर्ताहरुले समेत अनशनकारीलाई आन्दोलनमा प्रतिबद्धता रहेको आश्वासन दिँदै कल्याणपुर नगरपालिकामा देखिएको अनियमितता विरुद्ध आवाज उठाउने एक्यबद्धता समेत जनाएका छन् ।

**पत्रकार आचारसंहिताको पालना गरौं**

पत्रकार तथा सञ्चारमाध्यमले कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन, प्रसारण गर्दा घटनासँग असम्बन्धित नातेदार वा नजिकका व्यक्तिको नाम जोडी मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी कुनै पनि सामाग्री प्रस्तुत गर्नु हुँदैन् ।

यौन अपराध, सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा सन्दर्भमा प्रभावितको सचेत स्वीकृति र प्रभावको मूल्याङ्कन विना नाम ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बीर र दृश्य उत्पादन वा प्रकाशन, प्रसारण गर्नु हुँदैन् ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८